# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७
# तानसेन नगरपालिका, पाल्पा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**

**प्रदेश नं.५,कर्णाली र सुदुरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**( प्रदेश नं. ५, कर्णाली र सुदुरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या:२०७६/७७
च.नं :१०

मितिः २०७७/३/२५

श्री प्रमुखज्यू,
तानसेन नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
तानसेन, पाल्पा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

( चन्द्रकान्त भण्डारी )
नायब महालेखापरीक्षक

## महालेखापरीक्षकको भनाई



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, बित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ अषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**(प्रदेश नं.५, कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या : २०७७।७८
च.नं :१०

मितिः २०७७।३।२५

श्री प्रमुखज्यू,
तानसेन नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
तानसेन, पाल्पा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

### कैफियत सहितको राय

हामीले तानसेन नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु १८ करोड ५१ लाख ७४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.४८ लाख १३ हजार नियमित गर्नुपर्ने ३ लाख ८९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१६ करोड ६७ लाख ४० हजार र पेश्की बाँकी १ करोड ३२ लाख ३२ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०६।१६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहित विभिन्न १० दफाको रु ७९ लाख ६६ हजार असुल फछ्र्यौट भई प्रमाण कागजात पेश हुन आएकोले उक्त दफा प्रारम्भिक प्रतिवेदनवाट हटाइएको छ । अन्य दफा बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २९ (उनन्तिस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका,नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# तानसेन नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७५/७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै नगरपालिका स्थापनाको प्रमुख उदेश्य हो । ५ नं. प्रदेशमा अवस्थित यस नगरपालिका अर्न्तगत १४ वडा, मनोनित ३ समेत ७५ सभा सदस्य रहेका छन् । यस कार्यालयको कार्यक्षेत्र तानसेन नगरपालिका भित्र रहेको छ ।

**स्थानीय संचितकोष:** आर्थिक वर्ष २०७५।७६ स्थानिय संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| **आम्दानी शीर्षक विवरण** | | **रकम** | **व्यय शिर्षक विवरण** | | **रकम** |
| **गतवर्षको जिम्मेवारी** | | १३३२३३६५९।६३ | **चालु खर्च** | | ५०२८४८५५६।७ |
| मुलकोष खाता | ७६२३१०५६।७३ | | प्रशासनीक चालु खर्च | १७५७२४३५६ | |
| पूजीगत खाता | ०।०० | | सशर्त | ३१६८३१९०४ | |
| चालु खाता | ०।०० | | पाल्पा दरवार संग्राहालय तर्फको चालु खर्च | ५७०३८२६।४ | |
| कर्मचारी कल्याण कोष खाता | २९७१३५८।०० | | प्रधानमन्त्री रोजगार कार्यक्रम | ४१८१९७०।०० | |
| मरमत संभार कोष खाता | ३६३२६४३।१२ | | प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम | ४०६५००।०० | |
| राजश्व वांडफांड खाता | २०५००००।०० | | **पुजीगत खर्च** | | १९९९६४६९६।५४ |
| दैवि प्रकोप खाता | ३४१४७२।९२ | | पूजीगत खाता | १८१०९३३७६।५४ | |
| मानव संसाधन कोष खाता | ०।०० | | सडक वोर्ड | ६८६६५६०।०० | |
| वातावरण संरक्षण कोष खाता | ५१३१७३।०५ | | संघय सरकारवाट हस्तान्तरीत कार्यक्रम पुजीगत | २००४७६०।०० | |
| गरिवी निवारण कोष खाता लागत सहभागीता | ७९३७२०३।३१ | | प्रभास सह लगानी | १००००००।०० | |
| सित भण्डार खाता एसविआई वैंक | ७१५०४४६।०२ | | **फिर्ता खर्च** | | ३३३२९४०३।२० |
| एसविआई वैंक चल्ती खाता | ५४०।०० | | जेष्ठ नागरीक दिर्घ सेवा सम्मान कार्यक्रम | ३७३६००।०० | |
| कृषि विकास वैंक खाता सामाजिक सुरक्षा | ५४२२५००।०० | | स्थानीय पुर्वाधार विकास सभ्रेदारी कार्यक्रम | ३७६५४६।०० | |
| महिला तथा वालवालिका कोष खाता | ७१०६९५।४० | | संघीय सशर्त | १५७७७५०९।०० | |
| ने.वै.ली. गाउनगर साझेदारी कोष खाता | ५१७६१९४।२० | | प्रधानमन्त्री रोजगार कार्यक्रम | ४६५०३०।०० | |
| हिमालयन वैंक | १११७५३९।४८ | | संघीय समपुरक | १५५३५४१५।२० | |
| धरौटी मौज्दात रु१३९६२९७५।६१ नगद रु २।०० | १९९७८८३७४० | | प्रदेश सशर्त तर्फ | ८०१३०३।०० | |
| **आन्तरीक आम्दानी** | | ५१८२९५९३।२५ | सेवा निवृत कर्मचारीको | | २४५६५६४।४० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | उपचार खर्च | | |
| **नेपाल सरकारवाट प्राप्त अनुदान** | | ६९२४७२३८२।४० | सेवा निवृत कर्मचारीको संचित विदा | | १८८४३४३।२० |
| राजश्व वाडफाड | ७२१०६४७५।०० | | कारीतास सम्वन्धि कार्यक्रम खर्च | | १०६७२२४।०० |
| वित्तिय समानिकरण अनुदान | १४६६०००००।०० | | धरौटी फिर्ता | | ६२००६९०।५१ |
| सशर्त अनुदान | ३५०३१८०००।०० | | गाउनगर साझेदारी कोषवाट लगानी फिर्ता हानू पर्ने | | २३३२८६४।६७ |
| जेष्ठ नागरीक दिर्घसेवा सम्मान | ७४०७२०००।०० | | **वैंक मौज्दात** | | १६६७६००५११।१८ |
| समाज कल्याण कार्यक्रम | ५०००००।०० | | मुलकोष खाता | १०९१११६६६।८० | |
| प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम | ३०५०००।०० | | पूजीगत खाता | ०।०० | |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | ४६४७०००।०० | | चालु खाता | ०।०० | |
| संघीय समपुरक अनुदान | २७३४४०००।०० | | कर्मचारी कल्याण कोष खाता | २९७१३५८।०० | |
| स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम | १२२३९०००।०० | | मरमत संभार कोष खाता | ३६३२६४३।१२ | |
| सेवा निवृत कर्मचारीहरुको संचित विदा | १८८४३४३।०० | | राजश्व वांडफांड खाता | २०५००००।०० | |
| सेवा निवृत कर्मचारीहरुको उपचार खर्च | २४५६५६४।४० | | दैवि प्रकोप खाता | ३४१४७२।५२ | |
| **प्रदेश सरकारवाट प्राप्त अनुदान** | | १७८६५३४४।७० | मानव संसाधन कोष खाता | २१९०२।०० | |
| वित्तिय समानिकरण अनुदान | ७५०००००।०० | | वातावरण संरक्षण कोष खाता | ५१३१७३।०५ | |
| सशर्त अनुदान | ४८०००००।०० | | गरिवी निवारण कोष खाता लागत सहभागीता | ७९३७२०३।३१ | |
| राजश्व वाडफाड | ५५६५३४४।७० | | एसविआई वैंक (सित भण्डार खाता) | ७२४०२४६।३६ | |
| **अन्य अनुदान तथा सहयोग** | | ११९५९१४१।०० | एसविआई वैंक चल्ती खाता | ५४०।०० | |
| सडकवोर्डवाट पुजीगत अनुदान | ३६९१२७७।०० | | कृषि विकास वैंक खाता सामाजिक सुरक्षा | २३२५३९९।०० | |
| कारीतास वाट कृषि सम्वन्धि कार्यक्रम | १०६७२२४।०० | | महिला तथा वालवालिका कोष खाता | ७१०६९५।४० | |
| जनसहभागीता ६०/४० नगद जम्मा | ६७००६४०।०० | | ने.वै.ली. गाउनगर साझेदारी कोष खाता | ३३७९३४।२० | |
| पर्यटनवोर्ड वाट प्राप्त | ५०००००।०० | | ने.वै.ली. यूवा स्वरोजगार खाता | ५००००००।०० | |
| **सावा तथा व्याज आम्दानी** | | २५१५४०।३४ | हिमालयन वैंक ( सामाजिक सुरक्षा कोष खाता) | १५५४९३९।४८ | |
| गाउ नगर साझेदारीकोष खातावाट सावा अशुली | १६१७४०।०० | | विभाज्य कोष खाता | ०।०० | |
| एसविआई वैंक खतावाटव्याज प्राप्त | ८९८००।३४ | | धरौटी मौज्दात | २३०१०८७७।९४ | |
| धरौटी प्राप्त | | ९२३२७३३।०५ | | | |
| **जम्मा आम्दानी** | | ९१६८४४३९४।३७ | **जम्मा खर्च** | | ९१६८४४३९४।३७ |

....

| सि न | लेखापरिक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| १. | **असुली असुली :** कार्यालयले धरौटी रकम सदरस्याहा रु ८१४,४९९।८५, नपाउने अनुगमन भत्ता रु ६७,०००।००, बढि बैठक भत्ता , बढि दैनिक भत्ता आदि समेत रु ८९२,६७४।८५ लेखापरिक्षणबाट औंल्याए पछि दाखिला गरेको प्रमाण पेश भएको छ । | |
| २. | **वित्तिय विवरणको यथार्थता:** कार्यालयले सन्चित कोषको एकिकृत हिसाव तयार गरेको छैन । यसमा देहायका व्यहोराहरु देखिएका छन् । | |
| २.१ | **बैङ्क हिसाब समायोजन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा प्रत्येक कार्यालयले आर्थिक कारोबारको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । | |
| २.१.१ | नगरपालिकाले पेश गरेको आय व्यय तथा बैक हिसाव अनुसार २०७६ आषाढ मसान्तमा स्रेस्ता अनुसार संचित कोषमा रु १०,९१,११,६६६।८० र चालु तथा पूँजिगत खातामा शुन्य मौज्दात देखिएको र बैंक प्रमाण अनुसार संचित कोष खातामा रु १३,७१,०७,०११ चालु खातामा रु २,३०,७६,६७६ र पूँजिगत खातामा रु ४५३५१,१९९।६१ समेत रु २०,५५,३४,८८६।६१ रहेकोले श्रेस्तामा भन्दा बैंकमा रु ९,६४,२३२१९/८१ बढि देखिएकोमा बैंक हिसाब समायोजन विवरण ( म.ले.प.फा.नं.१५) तयार गरेको छैन । अत: बैंक समाधान विवरण तयार गर्नु पर्ने देखिएको रु | ९,६४,२३,२१९/८१ |
| २.१.२ | **बैक प्रमाण:** नगरपालिकाले उपलब्ध गराएको आर्थिक विवरण तथा बैङ्क नगदी किताव अनुसार स्थानीय तहको सितभण्डार खाता (एसविआई बैंक) मा रु. ७२,४०,२४६/३६, सामाजिक सुरक्षा खाता (कृषि विकास बैंक) २३,२५,३९९/-, सामाजिक सुरक्षा कोष खाता(हिमालय बैंक) मा रु. १५,५४,९३९/४८ र धरौटी खातामा रु. २३०,१०,८७७/९४ बैंक मौज्दात देखिएकोमा वैंक मौज्दात प्रमाण पेश भएको छैन । अत: बैङ्क मौज्दात प्रमाण पेश गर्नु पर्ने रु. | ३४१,३१,४६२/७८ |
| २.२ | **वित्तीय प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका नगर स्तरिय तथा वडा स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण दिएको देखिएन । कार्यालयको समग्रमा वित्तीय प्रगति निम्नानुसार देखिन्छ । बजेटमा भएको व्यवस्था अनुरुप कार्यक्रम, कार्य लक्ष्य र समय विच तादाम्यता मिलाई वित्तीय प्रगति अपेक्षापूर्ण बनाउन आवश्यक छ । | |
| २.३ | **खर्च भौचरहरुको अस्पष्टता -** कायालयले आर्थीक कारोबारको लेखा राख्दा स्पष्ट संग गोश्वरा भौचर उठाई लेखा राखिएको हुनु पर्दछ । तर कार्यालयको एउटै कारोवारको लेखा पटक पटक गोश्वरा भैचर तयार गरी प्रविष्ट गर्ने गरेको देखियो र पुन संशोधन तथा रद्ध गर्ने गरी अस्पष्टता हुने गरेको देखीयो । उदाहरणार्थ वन संरक्षण सम्बन्धी कार्यको रु १००००० खर्च लेख्दा गो.भ.न. ४७३–२०७५।९।३ मा रु १००००० बजेट खर्च लेखेकोमा गो.भौ.न. ६९१-२०७६।३।३१ बाट रिर्भस गरेको जनाई रु ६०००० बैक खर्च लेखेको, गो भौ न ७६७–२०७६।३।३१ बाट गो भौ न ६९१ बाट बढि गएको जनाई रु ६०००० बैक जम्मा रु ३८५०० बैक खर्च रु १५०० धरौटि तथा कर कट्टी देखाएको र रु २०००० बजेट खर्च घटाएको, सोहि भौचर न उल्लेख गरी गो भौ न २०७६।३।३१ बाट रु ६०००० बैक तथा बजेट खर्च लेखेको देखियो । यसले गोश्वारा भौचरको खर्चलाई अस्पष्टता बनाएको छ । अत गोश्वरा भौचर तयार गर्दा खर्च यकिन एवं स्पष्ट भएपछि मात्र प्रविष्ट एंव लेखा राख्ने गरिनु पर्ने देखिन्छ । | |
| २.४ | **खर्च/आम्दानी /समायोजन भौचर स्वीकृती:** आर्थीक कार्यविधि नियमावली २०६४ को दफा३६(३) अनुसार खर्च लेख्दा खर्चको विल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । तर कार्यालयले गोश्वरा भौचर तयार गरेपछि तयार गर्ने ,जाच गर्ने तथा स्वीकृती जनाउने कार्यहरु नगरी बैक नगदी तथा लेजर खाताहरुमा प्रविष्ट गर्ने गरेको देखियो । यस्तो प्रणलीले आम्दानी खर्च यकिन गर्न सकिएन । अत: खर्च लेख्दा प्रकृया एवं विधिसम्मत तवरले लेखा राख्ने गरिनु पर्दछ । यसका केही उदाहरणहरु देहाय अनुसार छन | |

| भौ.न. र मिति | खर्च विवरण | रकम |
|---|---|---|
| ७८६-२०७६/३/३१ | मुलकोष रकम जम्मा गरेको | ७१९३३५९.२६ |
| ७८४-२०७६/३/३१ | पेश्की फछ्यौट गरेको | ८२५०००.०० |
| ७८३-२०७६/३/३१ | पेश्की फछ्यौट गरेको | २९८५५७.०० |
| ७८२-२०७६/३/३१ | पेश्की फछ्यौट गरेको | ३९६०००.०० |
| ७५९-२०७६/३/३१ | हिसाव मिलान | १०००००.०० |
| ७५६-२०७६/३/३१ | वडा सहायक श्री विष्णु खातीको पेश्की फछ्यौट | १०८०००.०० |

| | | |
|---|---|---|
| ३ | **आन्तरिक नियन्त्रण प्रणाली** यसमा देहायका व्यहोराहरु देखिएका छन् , | |
| ३.१ | **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययीता, प्रभावकारीता, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक नियन्त्रण सम्वन्धि निर्देशिका तयार गरेको छैन । आन्तरिक नियन्त्रणका सम्बन्धमा देहायको अवस्था देखिएको छ । अत आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धि निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याईनुपर्ने देखिन्छ । | |
| | क) राजश्व वक्यौता असुली सन्तोषजनक भएको छैन ।<br>ख) जिन्सी सामानको मर्मत तथा लिलाम विक्रि गरेको छैन ।<br>**ग)** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८(१) अनुसार व्यक्तिगत धरौटी खाता अद्यावधिक राखेको छैन ।<br>**घ)** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा खर्च भएको सबै रसिद र बिल भरपाईहरुमा प्रमाणीत गर्ने गरेको छैन ।<br>ङ ) इन्धन खर्चको लगबुक राख्ने गरेको छैन ।<br>**च)** उपभोक्ता समिति मार्फत भुक्तानी भएको मु.अ.करको जानकारी सम्बन्धीत आन्तरीक राजश्व कार्यालयलाई दिने गरेको छैन ।<br>छ) कार्यालयले अन्तर्गतका कर्मचारीहरुको तलबि प्रतिवेदन पारीत गराएर मात्र तलब खर्च लेख्नुपर्नेमा शिक्षा,स्वास्थ्य,अस्पताल लगायत नगरपालिका समेतको लगायत तलबी प्रतिवेदन पारित गराएको छैन ।<br>ज) सवारी साधन मर्मतको म.ले.प. फा.नं. २ राखेको छैन ।<br>झ) खरिद आदेश बिना सामान खरिद ।<br>ञ) पेश्कि खाता राखेको छैन ।<br>(ट) आम्दानी खर्चका केहि गोश्वरा भौचरहरु सिलसिलेवार रुपमा फाइलमा रख्ने नगरेको ।<br>(ठ) सडक बोर्ड तर्फको ठेक्का पट्टा सम्वन्धि तुलनात्मक तालिका, लागत अनुमान लागयतका कागजातहरु लेखापरिक्षणको समयसम्म पनि प्रमाणित गराई नराखेको र लेखापरिक्षणमा पेश भई सकेपछि मात्र प्रमाणित गराएको ।<br>(ड) बजेट खर्च लेख्दा बैक आदेश तयार गरेकोमा सम्बन्धित बैकले बुझेको प्रमाणहरु राख्ने नगरेको ।<br>(ढ) कार्यालयले आन्तरिक लेखापरिक्षक शाखा गठन गरी अधिकृतस्तर छैठौ तहका कर्मचारी खटाइएतापनि निजलाइ आर्थिक प्रशासन शाखामा लेखा श्रेस्ता तयार गर्न लगाई आन्तरिक लेखापरीक्षण गर्ने कार्यमा नलगाएको । | |
| ३.२ | **कार्यविवरण**:- निजामति सेवा नियमावली २०५० को नियम ९ (१) को खण्ड घ र ङ मा निजामति पदहरुको अनुसूची ४ बमोजिमको कार्य विवरण तयार गर्नु पर्ने व्यवस्था छ। तर कार्यालयले कार्य विवरण तयार गरी लागु गरेको देखिएन । अत: कार्य विवरण तयार गरी कर्मचारीहरुलाई जिम्मेवार | |

| | | |
|---|---|---|
| | बनाईनु पर्दछ । | |
| ३.३ | **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाँउ/नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । सालबसाली सरसफाईको काममा आफ्नो क्षेत्रको सडक सफाई, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार नगर र नदी सरसफाई आदी कार्यहरु पर्दछन् । तर कार्यालयले वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सोलार बत्ती, मोटोराइज ट्राइसाईकल, कम्पोष्ट प्लान्ट सचेतना लगायतको अभियान संञ्चालन गरी वातावरण सुधार गर्ने कार्य भएको छैन । वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई कार्यक्रम संचालन गरिनुपर्दछ । | |
| ४ | **बजेट, अख्तियारी,कार्यक्रम,योजना तर्जुमा र कार्यान्वयन :-** यसमा देहायको व्यहोराहरु देखिएका छन् । | |
| ४.१ | **वजेट पेश गर्ने तथा पारित गर्ने:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । तर नगरसभाले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान र आगामी आर्थिक वर्षमा संचालन हुने योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण २०७५ आषाढ १० मा पेश गरि २०७५ आषाढ २७ गतेमात्र स्वीकृत गरेको छ । आगामी आर्थिक वर्षको आय-व्ययको अनुमान कानूनले तोकेको समयावधि भित्र सम्पन्न गर्ने तर्फ ध्यानाकर्षण गरिनु पर्दछ । | |
| ४.२ | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को आय-व्ययको प्रक्षेपण २०७५।०३।२७ गते सभावाट स्वीकृत भएकोमा स्वीकृत भएको ७ दिन भित्र प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यबस्था अनुसार २०७५/०४/७ मा मात्र उपलव्ध गराएको देखियो । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ४.३ | **योजनागत लक्ष्य प्रगति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ अनुसार वार्षिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । त्यस अनुरुप कार्यालयले चालु वर्ष सम्पन्न गरेका, सम्पन्न गर्न बाँकी रहेका तथा सम्पन्न हुन नसकेका योजनाको एकमुष्ठ प्रगति विवरण तयार गर्नु पर्दछ । तर कार्यालयले त्यस अनुसार लक्ष प्रगति विवरण तयार गरेको छैन । नगरपालिकाले पेश गरेको विवरण अनुसार कुल कार्यक्रम ४७७ मध्ये ३ मा शुन्य, ३ मा २५ प्रतिशत घटि, १९ मा ५० प्रतिशत भन्दा घटि र ४ योजनाको खुलासा गरेको छैन । त्यस्तै सहायक कार्यक्रम ७० भएकोमा १७ मा शन्य, ३ मा २५ प्रतिशत घटि, २ मा ७५ प्रतिशत भएको देखिएको छ । कार्यालयले योजना खाता राखेको छैन । योजनाको सम्पूर्ण अभिलेख अद्यावधिक गरी योजनागत प्रगति विवरण तयार गर्ने तथा लक्ष वमोजिम प्रगति हासिल गर्ने योजना शाखालाई जिम्मेवार बनाइनु पर्दछ । | |
| ४.४ | **टुक्रे योजना र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने र योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दिर्घकालिन प्रकृतिका ठुला योजना छनौट नगरी अधिकांश रु ५० हजार र सो भन्दा साना साना र टुक्रे योजनामा बजेट व्यवस्था गरेको छ । ठुला योजना छनोटलाई प्राथमिकतामा राखिनुपर्दछ । | |

४.५ **चौमासिक कार्यक्रम र आषाढको खर्च:** अर्थ मन्त्रालयले वार्षिक कार्यक्रम तथा खर्च गर्ने अख्तियारी पत्रका साथ दिएको निर्देशन अनुसार अन्तिम चौमासीक तथा आषाढ महिनामा कुल खर्चको क्रमश ४० र २० प्रतिशत भन्दा वढी हुने गरी खर्च गर्न नहुने व्यवस्था गरेको छ । कार्यालयले यो वर्ष कुल खर्च रु ७० करोड २८ लाख १३ हजार गरेकोमा तेस्रो चौमासिकमा रु ४० करोड ६३ लाख ७४ हजार अर्थात ५७.८० प्रतिशत र आषाढ महिनामा रु २३ करोड ५४ लाख ३२ हजार अर्थात ३३.५० प्रतिशत खर्च गरेको छ । अतः कार्यालयले वजेट खर्च गर्दा चौमासिक रुपमा सन्तुलन मिलाएर खर्च गर्नुपर्दछ ।

| **खर्च शिर्षक** | **कूल खर्च रु हजारमा** | **प्रथम चौमाकि** | **दोस्रो चौमासिक** | **तेस्रो चौमासिक** | **आषाढ महिना** |
|---|---|---|---|---|---|
| बजेट खर्च | ७०२८१३ | १३८२५९ | १५८१८० | ४०६३७४ | २३५४३२ |
| खर्च प्रतिशत | १००% | १९.६८% | २२.५०% | ५७.८२% | ३३.५०% |

५. **अनुगमन मुल्यांकन एवं पृष्ठपोषण व्यवस्था:** कार्यालयले कार्यक्रम सन्चालन पश्चात गरेको कामको अनुगमन मूल्यांकन गरी निर्देशन र पृष्ठपोषण गरेको हुनुपर्छ । नगरपालिकाको चालु खर्चको फाँटबारी अनुसार अनुगमन मूल्यांकनमा रु. ७ लाख ९० हजार विनियोजन गरेकोमा रु.२,३५,८३२।- खर्च, भ्रमण खर्चमा रु ८३ हजार विनियोजन गरेकोमा रु.३,९१,९०।- खर्च, प्रतिनिधि मण्डलको भ्रमणमा ५० हजार विनियोजन भएकोमा रु ३४ हजार खर्च र अन्य भ्रमणमा रु १२ लाख ८७ हजार विनियोजन गरेकोमा रु १२,८७,०३४।- खर्च गरेको देखियो । तर अनुगमन मूल्यांकन तथा भ्रमणबाट फर्किए पछि प्रतिवेदन दिने तथा सुधारका पक्षहरु औंल्याउनु पर्ने, कार्यान्वयन पक्ष र तत्पश्चात पृष्ठपोषणको व्यबस्था गर्ने गरेको देखिएन । यसबाट अनुगमन तथा भ्रमणको उद्देश्य तथा उपलब्धि विश्लेषण गर्न सकिएन । अत : भ्रमण तथा अनुगमन मूल्यांकन पश्चात प्रतिवेदन निर्देशन कार्यान्वयन एंव पृष्ठपोषणको व्यबस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनु पर्दछ ।

५.१ **अनुगमन तथा भ्रमण भत्ता खर्च –** गो भौ नं ७२३-२०७६/२/१४ र११०२-२०७६/३/३१ मा भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (३) मा बस वा सार्वजनिक यातायातको सुविधा प्राप्त हुने ठाँउमा एकै दिन गई फर्कने गरि सरकारी काममा काज खटि जाने पदाधिकारी वा कर्मचारी ले यस नियमावली वमोजीम भ्रमण खर्च र दैनिक भत्ता को २५ प्रतिशत खाजा खर्च पाउने व्यवस्था छ । सोहि नियमको उप नियम (८) मा १५ किलोमिटर भित्र स्थायी वसोवास भएको भ्रमण गर्दा दैनिक भत्ता नपाउने ब्यवस्था छ ।

तर नगरपालिकाले संघिय भ्रमण खर्च नियमावलीको उल्लेखित प्रावधानसंग मेल नहुने गरी प्रतिदिन अनुगमन खर्च लिने व्यवस्था स्थानीय राजपत्र २०७५ अषाढ २७ को दफा ६ मा अनुगमनका लागी १० कि.मि को सिमा राखी प्रति अनुगमन प्रति पदाधिकारी, कर्मचारी खाजा खर्च रु ३०० र अनुगमन भत्ता रु १००० दिने व्यवस्था गरी २७ वटा अनुगमनमा सहभागी १४ जनालाइ रु १,२६,९००।- भुक्तानी गरेको देखियो । गत वर्षको प्रतिवेदनमा वडा कार्यालयहरुलाइ अनुगमन खर्च भुक्तानी गरेको रु ६७२००० असुल गर्नुपर्ने ब्यहोरा कायम गरेकोमा सुधार नगरि यो वर्षसमेत नगरपालिकाले रु १९३९००।- खर्च लेखेको देखियो । अतः संघिय कानुनसंग बाझीने गरी प्रतिदिन अनुगमन खर्च लेखेको रकम सम्बन्धित पदाधिकारीबाट असुल गर्नुपर्ने देखीएको रु १२६९००।-

| **सि.न.** | **भुक्तानी पाँउनेको नाम** | **रकम रु** |
|---|---|---|
| १ | श्री गोपाल प्र वगाले | ८२००.०० |
| २ | श्री भिम वहादुर कुमाल | २९२००.००. |
| ३ | श्री दिपक विश्वकर्मा | २१७००.०० |
| ४ | श्री वासुदेव अर्याल | ७२००.०० |
| ५ | श्री विष्णु पौडेल | २१९००.०० |

| | | |
|---|---|---|
| ६ | श्री राम बहादुर रावल | १०००.०० |
| ७ | श्री दामोदर घिमिरे | ३३००.०० |
| ८ | श्री राम प्रसाद घिमिरे | ४०००.०० |
| ९ | श्री राम प्र. श्रेष्ठ | १७७००.०० |
| १० | श्री विशाल ओली | १६००.०० |
| ११ | श्री हरि प्रसाद भट्टराई | ४९००.०० |
| १२ | श्री विनोद भण्डारी | ३६००.०० |
| १३ | श्री सुरेश न्यौपाने | १३००.०० |
| १४ | श्री टिकाराम सोमै | १३००.०० |
| **जम्मा** | | **१२६९००** |

५.२ **मूल्यांकनः** नगरपालिकाद्धारा सञ्चालित आयोजनाहरुको नगरपालिका उप प्रमुख संयोजक रहेको अनुगमन समितिले गरेको विभिन्न योजनाको अनुगमन कार्यको मुल्यांकन फाराममा अनुगमनको निष्कर्ष तथा निर्णय सवै कम्प्युटर प्रिन्टबाट तयार गरी फोटोकपि गरी  सोही फाराममा प्राप्तांक हातले लेखि खर्च भुक्तानीकालागी संलग्न गर्ने गरेको देखियो । अनुगमन फाराममा गरिएको निर्णय तथा निष्कर्ष एवं मुल्यांकन सवै आयोजनामा दोहोरोपना देखियो । अत : अनुगमन मुल्याङकन यथार्थपरक र पृष्ठपोषण सहितको बनाउन ध्यान दिनु पर्ने देखिन्छ ।

६. **पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) अनुसार पेश्की फछ्र्यौट गर्नुपर्ने र समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पुर्ण पेश्की रकममा म्याद नाघेको मितिले बार्षिक १० प्रतिशत दरले ब्याज समेत असुल गर्ने व्यवस्था छ । नगरपालिकाले पेश गरेको पेश्कीको एकिकृत विवरण अनुसार गत वर्षको जिम्मेवारी रु. २ करोड २ लाख ४२ हजार २२९ मध्ये यो वर्ष फछ्र्यौट गरेको छैन र यो वर्षको थप रु १ करोड ३२ लाख ३२ हजारसमेत रु. ३ करोड ३४ लाख ७४ हजार २२९ बाँकी रहेको छ । पेश्की फछ्र्यौट गरि सम्परीक्षणकालागी पेश गरेको छैन । कार्यालयले साविक गाँउ बिकास समितिहरु हाल नगरपालिकामा समाहित हुदाका बखत बाँकी रहेको पेश्की एकिन गरी पेश्की बाँकी कायम गरेको छैन र सो सम्बन्धि ७ वटै गा.बि.स.को एककिृत अभिलेख पनि राखेको छैन । अत : साविक नगरपालिका तथा गाँउ बिकास समितिहरुको पेश्की बाँकी यकिन गरी अभिलेख तयार गरिनु पर्दछ साथै यो वर्ष निम्न कर्मचारीहरुको नाममा रहेको पेश्कीसमेत फछ्र्यौट नगरी बाँकी रहेको छ । उक्त पेश्की नियमानुसार फछ्र्यौट गर्नु पर्ने रु. १,३२,३२,०००/-

| पेश्की लिनेको नाम | शीर्षक | कार्यक्रम | पेश्की रु. |
|---|---|---|---|
| श्री सुमित्रा के सी रावल | | पर्यटन प्रवर्द्धन | ८०००० |
| श्री कर्माचार्य कन्स्ट्रक्सन | | मोविलाईजेशन | ४००००० |
| श्री बंशगोपाल मन्दिर निर्माण उ  समिति | | निर्माण कार्य | ४५९००० |
| श्री सि एम/सिवालय जे भी | | ढुङ्गा छाप्ने कार्य | १६००००० |
| श्री भगवती मन्दिर बाटो विस्तार उ समिति | | बाटो विस्तार | ३३०००० |
| श्री प्रभास सहलगानी खा पा उ समिति | | खानेपानी निर्माण | १००००००० |
| श्री भुषाल डाँडा मोटरबाटो निर्माण उ समिति | | बाटो विस्तार | ३६३००० |
| **जम्मा** | | | **१३२३२०००** |

७ **आन्तरिक आय व्यवस्थापनः** यसमा देहायका व्यहोराहरु देखिएका छन् ।

७.१ **स्थानीय तथ्यांक, अभिलेख तथा स्रोत नक्सांकन** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत

| | | |
|---|---|---|
| | खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा पालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा प्रोफाइल तयार गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ७.२ | **आयको अनुमान:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निधांरण समितिले गाँउ/नगरपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । कार्यालयले पेश गरेको आय-व्ययको आन्तरिक आयतर्फ आर्थिक वर्ष २०७५।७६ मा मालपोत, कर, सेवा शुल्क, दस्तुर अनुमानित रु. १ करोड ५७ लाख ३० हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा रु ४ करोड ८५ लाख अर्थात अनुमान भन्दा ३०८ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धी गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| ७.३ | **एकीकृत विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय-व्ययको एकिकृत लेखा बनाई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तयार गरेको एकिकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोवार समेटेको छैन । विभिन्न समयमा महिला विकास, जि.स.स., म.स्वा.से, गरिवी निवारण कोष, एलजिसिडिपी लगायतको बिंऊ पूँजी तथा अन्य आयको हिसावमा खुलासासमेत नगरेको स्थिति छ । थप श्रोत पहिचान गरी कारोवारमा समेटनु पर्दछ। | |
| ७.४ | **बक्यौता रकम असुली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तिय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौतासमेत असुली गर्ने व्यवस्था छ । कार्यालयले उठ्नुपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ति बिक्री, मालपोत, अन्तःशुल्क, कर दस्तुरको वडागत लगत तयार नगरेवाट वक्यौता देखिन सक्ने अवस्था रहेन । उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नुपर्ने र वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्ने तर्फ ध्यान दिनु जरुरी छ । साथै यो वर्ष देहायका ६ वटा पसल कवल बहाल तथा पूर्वाधार उपयोगका सम्झौता अनुसार प्राप्त गर्नुपर्ने र बाँकीको अभिलेख कार्यालयले राखेको छैन ।सम्झौता अनुसार आषाढ मसान्त २०७६सम्म देहाय अनुसार देखिएको छ । | |

| ठे.नं. | ठेकेदारको नाम | गत वर्ष सम्म | यो वर्ष थप | हालसम्म बाकी |
|---|---|---|---|---|
| १ | श्री भीम कुमारी शाक्य | १८९००० | १५०००० | ३३९००० |
| २ | श्री पुरन सिलवाल | ३७५००० | ० | ३७५००० |
| ३ | श्री विन्ध्यवासनी | ५५०००० | (१९००००) | ३६०००० |
| ४ | श्री आकृति एडभरटाइजिङ | (३५००) | ३५०००० | ३४६५०० |
| ५ | श्री श्रेष्ठ नि. सेवा | ० | ४७५००० | ४७५००० |
| ६ | जीत कन्सट्रक्सन | ० | ८२८८७८ | ८२८८७८ |
| | **जम्मा** | | | २७२४३७८ |

| | | |
|---|---|---|
| ७.४.१ | **पसल बहाल र जरिवाना :** कार्यालयले बसपार्क स्थित पसल कवल श्री भीम कुमारी शाक्य (सुमि शाक्य) लाई सहमतिमा साविक २०६९।३।२० को समझौता अनुसार सम्झौताको दफा ३ मा भाडा भुक्तानी गर्ने अवधि २ महिना कटेमा ५० प्रतिशत विलम्व शुल्क लाग्ने उल्लेख गरि बहालमा दिएको देखियो । तर वहाल सम्झौतामा तोकिएको अवधि भित्र नबुझाई २०७५ आषाढसम्म रु १८९००० बाँकि रहेकोमा २०७५।०७६ को थप रु १५०००० समेत २०७६ आषाढ मशान्तसम्म रु | |

| | | |
|---|---|---|
| | ३३९००० वाकी रहेको देखिएकोले सम्झौता अनुसार ५० प्रतिशत विलम्व शुल्क रु १६९५०० समेत असुल गर्नुपर्ने देखिएको रु | ५०८५००/- |
| ७.४.२ | **बहालगिरीको प्रतिस्पर्धा :** कार्यालयले आफना पसल कवलहरु वहाल गीरीमा लगाउदा वढावढको प्रतिस्पर्धा गराएर वढि कवोल गर्ने सेवा ग्राहीलाई  दिएको हुनुपर्दछ । नगरक्षेत्रको मखनटोल स्थित पसल कवलहरु राधेश्याम अग्रहरी समेत १२ जनालाइ मासिक रु ११५०० देखि १३००० सम्मका दरले, वसपार्क स्थित पसल कवल भीम कुमारी शाक्य समेत ३ जनालाइ रु १२५०० देखि रु १५००० सम्मका दरले, शितलपाटिस्थित पसल कवल रु १४५०० गरी १६ जनालाइ प्रतिस्पर्धा नै नगराई सहमतीको आधारमा सोझै दिएको देखियो । अतः नगरपालिकाको आफ्ना पसलकवलहरु वहालगीरीमा लगाँउदा प्रतिस्पर्धात्मक रुपमा वढि कवोल गर्ने कवोलदातालाई  दिनु पर्ने तर्फ ध्यान दिनु जरुरी छ । | |
| ७.४.३ | **सम्झौता विलम्व शुल्क** : कार्यालयले सेवा तथा पूर्वाधार उपयोग शुल्क लगाँउदा शर्तहरु उल्लेख गरी समझौता गरेर दिएको हुनु पर्दछ । सम्झौतामा तोकिएको समयमा वहाल वा ठेक्का रकम नबुझाउने सेवा प्रदायक वा कवोलकर्तालाइ जरिवाना वा विलम्व शुल्क लाग्ने ब्यवस्था गरेको हुनुपर्दछ । तर कार्यालयले देहाय अनुसार पुर्वाधार उपयोग शुल्क ठेक्का लिने व्यवसायीहरुले ढिला गरी ठेक्का रकम भुक्तानीगर्दा  विलम्व शुल्क तथा जरिवाना असुल गर्ने शर्त सम्झौतामा उल्लेख गरेको देखिएन । अतः यथाशिघ्र विलम्व शुल्कको शर्त राखि ठेक्का सम्झौता गर्नुपर्ने देखिएको छ । अतः  देहाय अनुसारको वक्यौता रकममा प्रचलित कानुन वमोजिम विलम्व शुल्क सहित असुल गनुपर्ने  रु | ७३५०००.०० |

| सि.नं | बहालवालाको नाम | पुर्वाधारको व्यहोरा | २०७६आषाढसम्म बाँकी |
|---|---|---|---|
| १ | श्री पुरन सिलवाल | श्रीनगर पार्क शुल्क | ३७५००० |
| २ | श्री विन्धवासिनि निर्माण सेवा | पार्किङ शुल्क | ३६०००० |
| | **जम्मा** | | **७३५०००** |

| | | |
|---|---|---|
| ७.५ | **आन्तरिक आय :** कार्यालयले यो वर्ष रु ४करोड ८५ लाख आन्तरिक आय प्राप्त गरेकोमा कार्यालय अन्तर्गतका १४ वटा वडाको आम्दानीसमेत एकमुष्ट केन्द्रले दाखिला गर्ने गरेको देखियो । वडा कार्यालयहरुमा आयको दैनिक प्राप्ती खाता, आयको मासिक विवरण समेत वनाउने गरेको देखिएन । जसबाट वडा कार्यालयले नगरपालिकाको आयमा गरेको योगदान तथा असुली राजश्व दाखिला एकिन हुन सकेन । अतः कार्यालयले प्रत्येक वडाको आन्तरिक आयको दैनिक प्राप्ती खातामा अभिलेख राखि सोहि अनुसार दाखिला गर्ने व्यवस्था मिलाउनुपर्ने र प्रत्येक वडाले मासिक आय विवरण तयार गरि कार्यालयमा पठाउने र कार्यालयले वडागत विवरणसमेत देखिने गरी मासिक र वार्षिक आय विवरण तयार गर्नुपर्ने देखिन्छ । | |
| ७.६ | **राजश्वको अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष राजश्व आम्दानीको म.ले.प.फा.नं. १०८ र २३ नराखेको तथा दैनिक राजश्व असूलीको दैनिक टिपोट खाता सहित आम्दानी असुली र बैंक दाखिलाको अभिलेख व्यबस्थित गरी नराखेको, वडा कार्यालयहरुले नगदी रसिद भरी नगद असुल गरेकोले यथार्थ आम्दानी यकिन गर्न सकिएन । साथै असुली भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो । नियमावलीको व्यवस्था अनुसार असुली रकम समयमै दाखिला गर्नुपर्ने र म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ राखि राजश्व असूली लेखा व्यवस्थित गर्नुपर्दछ । | |
| ७.६.१ | **वडा कार्यालयहरुको राजश्व दाखिला :**आर्थिक कार्यविधि ऐन २०५५ को दफा १३ उपदफा ४ मा आफनो जिम्मामा आएको सरकारी नगदि सोहि दिन वा त्यस्को भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले १० दिन सम्म ढिलो गरेको भए  १० प्रतिशत र १५ दिन  सम्म ढिलो गरेको भए १५ प्रतिशत जरिवाना र सो समेत दाखिला गर्ने लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५% जरिवाना गरि नगद दाखिला गर्न लगाइ कसुरको मात्रा अनुसार प्रचलित | |

| | | |
|---|---|---|
| | कानुन बमोजिम विभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था रहेको छ। प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा (२४) २ मा १० दिन सम्म वा १० दिन भन्दा बढी ढिला गरेता पनि १०% जरिवाना गर्ने व्यबस्था भएकोले प्रदेश ऐनको व्यवस्था संघिय ऐनको व्यवस्थासंग मेल भएको छैन । उक्त व्यवस्थामा सुधार हुनु पर्दछ। | |
| ७.६.१ | **ढिलागरी राजश्व दाखिलामा जरिवाना:** प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा (२४) २ मा १० दिन सम्म वा १० दिन भन्दा बढी ढिला गरेता पनि १०% जरिवाना गर्ने व्यबस्था मातहतका वडाहरुवाट मालपोत, सिफारिस दस्तुर, दण्ड जरिवाना, जन्मदर्ता, मुत्युदर्ता लगायतको शुल्क असुल गरेकोमा ऐनमा तोकिए भन्दा ढिला गरी दाखिला गरेकोमा जरिवाना असुल गरेको देखिएन । अतः उल्लेखित ऐनको व्यवस्था अनुसार गर्नुपर्ने देखिएको रु | ४३८१५६/- |

| वडा न | वडा सचिवको नाम | आय असुलि अवधि | असुलि रकम | ढिला दाखिला रकम | बैक दाखिला मिति | डिला दिन | जरिवाना |
|---|---|---|---|---|---|---|---|
| १ | श्री चुडामणी मरासिनी | भाद्र | ३८८९५ | ३८८९५ | ६/८/२०७५ | ८ | ३८८९.५ |
| | | असोज | ३८७७० | ३८७७० | ७/८/२०७५ | ८ | ३८७७ |
| | | कातिक | ४०२४० | ४०२४० | ८/९/२०७५ | ९ | ४०२४ |
| | | पौष | ६१२६७ | ६१२६७ | १०/६/२०७५ | ६९ | ६१२६.७ |
| | | फाल्गुण | ५०७५५ | ५०७५५ | १२/१०/२०७५ | १० | ५०७५.५ |
| | | चैत्र | ६६१२५ | ६६१२५ | १/१२/२०७६ | १२ | ६६१२.५ |
| | | **जम्मा** | | **२९६०५२** | | | **२९६०५** |
| २ | | असोज | ४८६५ | ४८६५ | ७/७/२०७५ | ७ | ४८६.५ |
| | श्री राधा न्यौपाने | कार्तिक | ८५४० | ८५४० | ८/६/२०७५ | ६ | ८५४ |
| | | माघ | ८३१५ | ८३१५ | ११/१४/२०७५ | १४ | ८३१.५ |
| | | फाल्गुण | १०२५ | १०२५ | १२/१७/२०७५ | १७ | १०२.५ |
| | | बैशाख | ६८३५ | ६८३५ | २/६/२०७६ | ६ | ६८३.५ |
| | श्री जिवन नेपाली | जेष्ठ | १३९०० | १३९०० | ३/१९/२०७६ | १९ | १३९० |
| | | **जम्मा** | | **४३४८०** | | | **४३४८** |
| ३ | श्री मिरा के.सी. | माघ २५ | २१५३१ | २१५३१ | १२/२/२०७५ | ८ | २१५३.१ |
| | | चैत्र १७ | १७२५ | १७२५ | १२/२४/२०७५ | ७ | १७२.५ |
| | | बैशाख २५ | २४१५ | २४१५ | २/३/२०७६ | ९ | २४१.५ |
| | | **जम्मा** | | **२५६७१** | | | **२५६७.१** |
| ४ | श्री तारा खत्री | मार्ग २७ | १९०४० | ४५५० | ९/७/२०७५ | १० | ४५५ |
| | | पौष | ३२३०५ | ११५१५ | १०/१०/२०७५ | १० | ११५१.५ |
| | | फाल्गुण | १८४४० | ४३०५ | १२/८/२०७५ | ८ | ४३०.५ |
| | | चैत्र | ३३९५ | ३३९५ | १/११/२०७६ | ११ | ३३९.५ |
| | | **जम्मा** | | **२३७६५** | | | **२३७६.५** |
| ५ | श्री जिवन वस्याल | असोज | १८८५० | १८८५० | ७/९/२०७५ | ९ | १८८५ |
| | | मार्ग | ६४३६५ | ४२२४५ | ९/२०/२०७५ | २० | ४२२४.५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पौष | ६७७९५ | २५११५ | ११/१४/२०७५ | १४ | २५११.५ |
| | | | माघ | ४७१९० | ४७१९० | ११/६/२०७५ | ६ | ४७१९ |
| | | | फाल्गुण | ५१३६५ | ४०३४० | १२/७/२०७५ | ७ | ४०३४ |
| | | | चेत्र | ४५५८७ | १०३७५ | १/२२/२०७६ | २२ | १०३७.५ |
| | | | बैशाख | ४४१५० | १७०५० | २/८/२०७६ | ८ | १७०५ |
| | | | जेष्ठ | ५०४८५ | १६१७५ | ३/९/२०७६ | ९ | १६१७.५ |
| | | | **जम्मा** | | **२१७३४०** | | | **२१७३४** |
| | ६ | श्री विन्दु खनाल | असोज | १२४१४८ | १२४१४८ | ७/७/२०७५ | ६ | १२४१४.८ |
| | | | माघ | ३७१५८ | ३७१५८ | ११/५/२०७५ | ५ | ३७१५.८ |
| | | | फाल्गुण | २०६८० | २०६८० | १२/५/२०७५ | ५ | २०६८ |
| | | | बैशाख | २८५५० | २८५५० | २/६/२०७५ | ६ | २८५५ |
| | | | **जम्मा** | | २१०५३६ | | | **२१०५४** |
| | ७ | श्री तुल्सीराम कोइराला | भाद्र ७ | ३७०५५ | ३७०५५ | ६/२/२०७५ | २५ | ३७०५.५ |
| | | | असोज ८ | ५५२८५ | ४२३४० | ६/२५/२०७५ | १७ | ४२३४ |
| | | | असोज २५ | ५९१०५ | ४१४४५ | ७/२९/२०७५ | ३४ | ४१४४.५ |
| | | | कातिक १९ | ३३९३५ | २५३८० | ९/८/२०७५ | १९ | २५३८ |
| | | | मार्ग ९ | ४७६३९ | ४७६३९ | ९/८/२०७५ | ३० | ४७६३.९ |
| | | | मार्ग २५ | ८०४३२ | ५५००० | ९/८/२०७५ | १३ | ५५०० |
| | | | मार्ग २५ | | २५४३३ | ९/१७/२०७५ | २२ | २५४३.३ |
| | | | मार्ग १४ | १६९५० | १६९५० | ९/१७/२०७५ | ३३ | १६९५ |
| | | | पौष २५ | ४२७२० | ४२७२० | १०/६/२०७५ | ६ | ४२७२ |
| | | | चेत्र | १९४१२८ | ७५००० | १/१०/२०७५ | १० | ७५०० |
| | | | चैत्र | | ७१२८ | १/२२/२०७६ | २२ | ७१२.८ |
| | | | चैत्र १० | ४४९५१ | ४४९५१ | १/२२/२०७६ | ४२ | ४४९५.१ |
| | | | जेष्ठ | ७६१५० | ६१५० | ३/६/२०७६ | ६ | ६१५ |
| | | | जेष्ठ १४ | ३२७३४ | ३२७३४ | २०७६/२/३१ | १७ | ३२७३.४ |
| | | | आषाढ १ | २३८४५ | २३८४५ | ३/२६/२०७६ | २६ | २३८४.५ |
| | | | चैत्र ३ | १६९५० | १६९५० | १२/२२/२०७५ | १९ | १६९५ |
| | | | चैत्र २८ | १६९५० | १६९५० | १/२०/२०७६ | २२ | १६९५ |
| | | | बैशाख ९ | १६९५० | १६९५० | १/२०/२०७६ | ११ | १६९५ |
| | | | बैशाख ३१ | ३५९३४ | ३५९३४ | २/१७/२०७६ | १७ | ३५९३.४ |
| | | | जेष्ठ १ | २९३८० | २९३८० | २/२१/२०७६ | २० | २९३८ |
| | | | जेष्ठ १५ | ५१३२० | ५१३२० | २०७६/२/३० | १५ | ५१३२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | जेष्ठ २१ | ४३८४१ | ४३८४१ | २०७६/२/३० | ९ | ४३८४.१ |
| | | जेष्ठ २७ | ४२७१४ | ४२७१४ | ३/६/२०७६ | १० | ४२७१.४ |
| | | आषाढ १ | ४५३१३ | ४५३१३ | ३/२६/२०७६ | २५ | ४५३१.३ |
| | | बैशाख १० | १६९५० | १६९५० | ३/२६/२०७६ | १६ | १६९५ |
| | | **जम्मा** | | **८४००७२** | | | **८४००७** |
| ८ | **श्री सिता कुमारी भट्टराई** | श्रावण | ३२३३५ | ३२३३५ | ५/१५/२०७५ | १५ | ३२३३.५ |
| | | भाद्र | ३६८३० | २६८३० | ६/१०/२०७५ | १० | २६८३ |
| | | असोज | ४९३०० | ४९३०० | ८/२/२०७५ | ३२ | ४९३० |
| | | कार्तिक | ४६७०८ | ४६७०८ | ८/१४/२०७५ | १४ | ४६७०.८ |
| | | मार्ग | १२८२१० | १२८२१० | २०७५/९/१६ | १६ | १२८२१ |
| | | पौष | २२७९५० | २२७९५० | ११/१२/२०७५ | ४२ | २२७९५ |
| | | माघ | ४३६८५ | ४३६८५ | ११/२२/२०७५ | २२ | ४३६८.५ |
| | | फाल्गुण | २२८७० | २२८७० | १/५/२०७६ | ३५ | २२८७ |
| | | चैत्र | २८५२४ | २८५२४ | २/३/२०७६ | ३४ | २८५२.४ |
| | | बैशाख | २७४६६ | २७४६६ | ३/१२/२०७६ | ४४ | २७४६.६ |
| | | जेष्ठ | २०४३९ | २०४३९ | ३/१२/२०७६ | १२ | २०४३.९ |
| | | **जम्मा** | | **६५४३१७** | | | **६५४३२** |
| ९ | श्री मदन भण्डारी | असोज | ६३०१८ | ६३०१८ | ७/१४/२०७५ | १४ | ६३०१.८ |
| | | कातिक | ४६०८४ | ४६०८४ | ८/९/२०७५ | ९ | ४६०८.४ |
| | | पौष | २७९८६० | २७९८६० | १०/११/२०७५ | ११ | २७९८६ |
| | | माघ | १६२०५५ | १६२०५५ | ११/७/२०७५ | ७ | १६२०५.५ |
| | | फाल्गुण | | ४५६०० | १२/११/२०७५ | ११ | ४५६० |
| | | बैशाख | ४०९६३ | ४०९६३ | २/७/२०७५ | ७ | ४०९६.३ |
| | | **जम्मा** | | **६३७५८०** | | | **६३७५८** |
| १० | **श्री ऋषि केश घिमिरे** | कातिक | २२९४५ | २२९४५ | ८/५/२०७५ | ५ | २२९४.५ |
| | | पौष | ३१९०२० | ३१९०२० | १०/६/२०७५ | ६ | ३१९०२ |
| | | माघ | ९९९४५ | ९९९४५ | ११/८/२०७५ | ८ | ९९९४.५ |
| | | फाल्गुण | १९५३० | १९५३० | १२/१९/२०७५ | १९ | १९५३ |
| | | चैत्र | २३६६५ | २३६६५ | १/१२/२०७६ | १२ | २३६६.५ |
| | | बैशाख | २९९३० | २९९३० | २/६/२०७६ | ६ | २९९३ |
| | | जेष्ठ | ३८३१० | ३८३१० | ३/५/२०७६ | ५ | ३८३१ |
| | | **जम्मा** | | **५५३३४५** | | | **५५३३५** |
| ११ | **वडा सचिव श्री** | असोज | ३१३६० | ३१३६० | ७/६/२०७५ | ६ | ३१३६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | विष्णु खाती | पौष | १४८३७० | १४८३७० | १०/६/२०७५ | ६ | १४८३७ |
| | | | **जम्मा** | | **१७९७३०** | | | **१७९७३** |
| | १२ | **श्री मञ्जु कुमारी आचार्य** | भाद्र | २०२१० | ६०९५ | ६/५/२०७५ | ५ | ६०९.५ |
| | | | असोज | १४९०५ | ११२९५ | ७/९/२०७५ | ९ | ११२९.५ |
| | | | माघ | १०१३३८ | ३१३३८ | ११/६/२०७५ | ६ | ३१३३.८ |
| | | | **जम्मा** | | **४८७२८** | | | **४८७२.८** |
| | १३ | **श्री कृष्ण प्रसाद भट्टराई** | श्रावण | २००२० | २००२० | ५/१५/२०७५ | १५ | २००२ |
| | | | भाद्र | १५४२८ | ४८७५ | ७/२८/२०७५ | ५८ | ४८७.५ |
| | | | असोज | १७७३० | १७७३० | ७/२८/२०७५ | २८ | १७७३ |
| | | | कातिक | २११९४ | ९३२० | ९/५/२०७५ | ३५ | ९३२ |
| | | | मार्ग | १३८६० | १३८६० | ९/५/२०७५ | ५ | १३८६ |
| | | | पौष | ४९२६१ | ४९२६१ | १०/८/२०७५ | ८ | ४९२६.१ |
| | | | पौष | ४६३२० | ४६३२० | १०/१०/२०७५ | १० | ४६३२ |
| | | | पौष | ४३९८५ | ४३९८५ | १०/१५/२०७५ | १५ | ४३९८.५ |
| | | | पौष | २२५६५ | २२५६५ | २०७५/१०/३२ | २२ | २२५६.५ |
| | | | माघ | २४४४० | २४४४० | ११/२१/२०७५ | २१ | २४४४ |
| | | | जेष्ठ | १०५३५ | १०५३५ | ३/१३/२०७६ | १३ | १०५३.५ |
| | | | **जम्मा** | | **२६२९११** | | | **२६२९१** |
| | १४ | **श्री शंकर प्रसाद पाण्डे** | भाद्र | २८४८५ | २८४८५ | ६/७/२०७५ | ७ | २८४८.५ |
| | | | असोज | २६८९३ | २६८९३ | ७/१५/२०७५ | १५ | २६८९.३ |
| | | | कातिक | १५९३५ | १५९३५ | ८/६/२०७५ | ६ | १५९३.५ |
| | | | पौष | २३०२७ | २३०२७ | १०/१३/२०७५ | १३ | २३०२.७ |
| | | | माघ | ३२२७५ | ३२२७५ | ११/१२/२०७५ | १२ | ३२२७.५ |
| | | | फाल्गुण | १९७७५ | १९७७५ | १२/८/२०७५ | ८ | १९७७.५ |
| | | | चैत्र | १०९८७५ | १०९८७५ | २०७६/१/६-१३ | ६ | १०९८७.५ |
| | | | बैशाख | ५४०८५ | ५४०८५ | २/२०/२०७६ | २० | ५४०८.५ |
| | | | जेष्ठ | ७७६८७ | ७७६८७ | ३/२०/२०७६ | २० | ७७६८.७ |
| | | | **जम्मा** | | **३८८०३७** | | | **३८८०४** |
| | **सवै वडाको कुल** | | | | **४३८१५६४** | | | **४३८१५६/-** |
| ७.७ | **भूमीकर (मालपोत):** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५६ मा गाँउ/नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्रको जग्गामा त्यस्तो जग्गा उपयोगका आधारमा भूमीकर (मालपोत) लगाउन सक्ने उल्लेख छ । कार्यालयले यो वर्ष  वडा कार्यालयहरु मार्फत भूमीकर (मालपोत) रु ३० हजार तथा एकिकृत सम्पत्तीकर रु. ८७ लाख समेत रु ८७ लाख ३० हजार अनुमान भएकोमा यथार्थ आय रु. ८२ लाख ९ हजार ४१३ संकलन गरेको विवरण पेश गरेको छ । उक्त आयको वडागत अभिलेख राखेको देखिएन । अतः अभिलेख व्यवस्थित बनाई भूमीकर (मालपोत) असूलीमा वृद्धि | | | | | | | |

| | | |
|---|---|---|
| | ल्याउनुपर्दछ । | |
| ७.८ | **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाँउ/नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष कार्यालयले व्यवसाय दर्ता तथा नवीकरण शुल्क रु २५ लाख ८१ हजार १४५ असुल गरेको भएता पनि व्यवसाय कर संकलन गरेको नदेखिएको तथा संकलनको अभिलेख राखेको देखिएन । कार्यालय र वडा कार्यालयवाट व्यवसाय दर्ता हुने गरेकोमा सोको विवरण प्राप्त नभएबाट कार्यालयमा दर्ता भएका व्यवसायको संख्या यकिन गर्न सकिएन । कार्यालयले व्यक्तिगत स्वघोषणाका आधारमामात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायीहरुको अनुगमन गर्ने गरेको छैन । अतः आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ७.९ | **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । यस वर्ष कार्यालयले सवारी दर्ता लगत तयार नगरेकोले सवारी दर्ता संख्या तथा राजश्व असुलीको अवस्था यकिन गर्न सकिएन । अतः सम्वन्धित निकायसँगको समन्वयमा सवारी साधनको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउन ध्यान दिनु जरुरी छ । | |
| ७.१० | **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा कार्यालयले यस शीर्षकमा रु १ लाख १२ हजार कर संकलन गरेको देखियो । तर कार्यालयले क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन करको अभिलेख तयार गरेको देखिएन । अत मनोसन्जन करको लगत तयार गरी मनोसन्जन कर असुल गर्नुपर्दछ । | |
| ७.११ | **आम्दानी रसिदः** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम (९) अनुसार करदाता वा सेवाग्राहीवाट प्राप्तहुने राजश्व दाखिला जम्मा गर्नु कार्यालयले नगद संकलन गरी बैकमा दाखिला गरेको बैंक भौचर समेतको सम्बन्धीत खातामा प्रविष्टी गरी श्रेस्ता राख्नुपर्ने, नगद राजश्व आम्दानी बैंक दाखिला विवरणमा प्रविष्टी गर्नु पर्ने, कार्यालयमा नगद वा बैंक भौचरको रुपमा प्राप्त भएको जुनसुकै राजश्व रकम अनिवार्य रुपमा आम्दानी रसिद काटी सम्बन्धीत खातामा आम्दानी जनाउनु पर्ने व्यवस्था छ । तर यस कार्यालयमा विभिन्न वडा कार्यालयहरुमा पञ्जिकरण दर्ता, सिफारिस दस्तुरको संकलन गर्दा केही राजश्व रसिद नकाटी दाखिला गर्ने तथा समयमा नै दाखिला नगर्ने गरेको देखिएकोले रसिद काटेर मात्र सेवा दस्तुर संकलन गरी सो कानुनमा भएको व्यवस्था बमोजिमको समय भित्र दाखिला गरिनु पर्ने देखिन्छ । | |
| ७.१२ | **प्रारम्भिक वातावरणीय अध्ययन :** कार्यालयले ढुंगा,गिट्टी र बाल्वा आदि खनिज जन्य पदार्थ उत्खनन्का लागी प्रारम्भिक वातावरण अध्ययन गरी सोही अनुसार उत्खनन् एंव ठेक्का बन्दोवस्त गरिनु पर्दछ । कार्यालयले नगरपालिका क्षेत्रमा पर्ने देहायका नदीबाट खनिज तथा नदीजन्य पदार्थको ठेक्का बन्दोवस्त गर्न वातावरणीय अध्ययन (IEE) गराएको छ । तर प्रतिवेदनमा उल्लेख भए भन्दा बढी हुने गरी दैनिक तथा बार्षिक उत्खननु गर्ने कार्य नियन्त्रणका लागी कुन कुन स्थानबाट के कति परिमाणमा नदिजन्य पदार्थ उत्खनन् गरियो भन्ने परिमाण र मिति देखिने अभिलेख राख्ने गरेको देखिएन यसबाट वातावरण अध्ययन प्रतिवेदनमा उल्लिखित परिमाणमा उत्खनन् गर्ने कार्य नियन्त्रण हुन सक्दैन । अत : प्रतिवेदनमा उल्लेखित अनुमानित परिमाणमा कति निकालियो र कति निकाल्न बाँकी छ भन्ने अभिलेख अधावधिक गरी प्रतिवेदन कार्यान्वयनलाई प्रभावकारी बनाइनु पर्दछ । | |
| ८. | **सार्वजनिक खरिद व्यवस्थापनः** यसमा देहायका व्यहोराहरु देखिएका छन् - | |
| ८.१ | **विद्युतीय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नुपर्ने तथा गाउँ/नगरपालिका कार्यालयहरुले महालेखा नियन्त्रक कार्यालयले निःशुल्क रुपमा | |

उपलब्ध गराउने Sub National Treasury Regulatory Application (SUTRA) को प्रणाली प्रयोग गरी लेखा राख्नु पर्ने व्यवस्था छ। कार्यालयले SUTRA प्रणालि प्रयोग गर्ने गरेको छ । तर प्रणालीले आयव्यय तयार गर्ने गरेको देखिएन । अत : प्रणालीलाई सुधार तथा Upgarde गरी कार्यान्वयन गरिनु जरुरी देखिन्छ।

८.२ **बोलपत्र सहभागिता र लागत कवोल अंक तुलना :-** कार्यालयद्वारा गराइने खरिद तथा निर्माण कार्य प्रतिस्पर्धात्मक रुपमा मितव्ययी तवरले गरिएको हुनुपर्दछ। कार्यालयले पेश गरेको बिवरण अनुसार बोलपत्र बिक्री, दर्ता, लागत सम्झौता अनुपात बिश्लेषण गर्दा देहाय अनुसार खरिद गरेको देखियो।

| **कार्यक्रम बिवरण** | **ठेक्का नं.** | **बोलपत्र बिक्री संख्या** | **बोलपत्र दर्ता संख्या** | **लागत अनुमान (कर बाहेक)** | **सम्झौता अंक (कर बाहेक)** | **लागत सम्झौता घटि अनुपात** |
|---|---|---|---|---|---|---|
| औषधि खरिद | १-२०७५/७६ | | | १५१४६६२ | ६२३८१२ | ५८% |
| ढुंगा छाप्ने | २-२०७५/७६ | | | २११४९३४९ | १६२११९०७ | २३.३% |
| न.पा. भवन | ३-२०७५/७६ | | | ४७१८३५३ | ३९४२०९७ | १६.५% |

८.३ **ठेक्का बन्दोबस्त :-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २०(३)मा लागत अनुमान बनाउने,बोलपत्र आव्हान गरि स्वीकृत गर्ने, अन्य निकायसंग लिनु पर्ने सहयोग र स्वीकृति बारे पत्राचार गर्ने,ठेक्का पट्टा स्वीकृत गर्ने समेतका कार्यहरु प्रथम चामासिक अवधिमा गरि सक्नु पर्ने व्यवस्था छ। तर कार्यालयले देहाय अनुसार ढिलो गरि तेस्रो चौमासिक अवधिमा ठेक्का बन्दोबस्त गरेको देखियो । अत: नियमावलीमा तोकिए अनुसारको अवधिमा ठेक्का बन्दोबस्त गरि ठेकका स्वीकृती सेतका कार्यहरु गरिनु पर्दछ।

| खरिद कार्यक्रम | जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | आषाढ माहिना | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| गौरवका योजना | २ | २३५४५ | | | | | २ | २३५४५ | | |
| सडक बोर्ड | ५ | ८१९७ | | | | | ५ | ८१९७ | | |
| भवन निर्माण | १ | ४४४५ | | | | | १ | ४४४५ | | |
| जम्मा | ८ | ३६१८७ | | | | | ८ | ३६१८७ | | |

८.४ **मूल्य अभिबृद्धि कर भुक्तानी :-** मुल्य अभिबृद्धि कर नियमावली (२०७६ को बजेट वक्तव्य), २०५३ को नियम ६ (ग) अनुसार ठेक्का सम्झौता वा करार अन्तर्गत वस्तु तथा सेवा आपूर्ति गर्ने ठेकेदार वा आपूर्ति कर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मूल्य अभिवृद्धि करको ५० प्रतिशत निजको नामवाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसार आपूर्तिकर्ताको भुक्तानीमा मूल्य अभिबृद्धि करसमेत भुक्तानी गरेकोमा मु.अ. करको ५० प्रतिशतले हुने रकम कट्टि गरी सम्बन्धित राजश्व खातामा दाखिला गरेको देखिएन । यसवाट राजश्व असुलीमा असर पर्न सक्छ। यसको कारण कार्यालयले बजेट वक्तव्यवाट मूल्य अभिवृद्धि कर नियमावलीमा उक्त व्यवस्था संशोधन भएको जानकारी नभएको र जिल्ला स्थित को.ले.नि.का.ले आषाढको पहिलो सातान्तमा मात्र वैठक वोलाई जानकारी गराएकोले कट्टि गर्न छुट भएको जनाएको छ । अत: उक्त भुक्तानीको मूल्य अभिवृद्धि कर सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला भएको प्रमाण पेश गर्नु पर्ने देखिएको रु २६९२७३/-

| **भौ नं र मिति** | **कामको बिवरण** | **आपूर्ताकको नाम** | **बिल रकम** | **मु.अ.कर** | **५०% कर** |
|---|---|---|---|---|---|
| ७४६-२०७६/३/३१ | छाना मर्मत | काली गण्डकी नि.सेवा | ३९७८०३ | ५१७१५ | २५४५६ |
| ७४०-२०७६/३/३१ | नयाँपाटी सा.रे.म. बाटो | जिवन एण्ड ब्रदर्श **(घटि काटेको)** | ३०४२८३८ | ३९५५६९ | ७७६२५ |
| २४६-२०७६/३/२५ | सिलाइ तालिम | हेप्पी नेपाल प्रा.लि. | ४४२४७८ | ५७५२२ | २८७६१ |
| २५६-२०७६/३/२८ | औषधि खरिद | सनराइज ट्रेड कन्सर्न | १८९१५९ | २४५९० | १२२९५ |

| | | | | | |
|---|---|---|---|---|---|
| २८१-२०७६/३/३१ | न्यानो झोला | समुन्द्र मेडिको फर्मा | ३९८००० | ५१७४० | २५८७० |
| ६-२०७६/३/३१ | सोलार खरिद | सुर्यादय हाइटेक | १८९७७० | १९७३० | ९८६५ |
| ६-२०७६/३/११ | भीमसेन मन्दिर निसानधारा सडक | आमात्य कन्स्ट्रक्सन | ४१८२२५ | ५४३६९ | २७१८५ |
| ४-२०७६/७/६ | शितलपाटी सडक मर्मत | सन्त कन्स्ट्रक्सन | ९५७१७१ | १२४४३२ | ६२२१६ |
| जम्मा | | | | **७७९६६७** | **२६९२७३** |

८.५ **कार्यसम्पादन जमानत :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० को उपनियम (४) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित निर्माण कार्यको त्रुटि सच्याउने दायित्व (Detective Labalites)को अवधि भन्दा कम्तिमा १ महिना बढि अवधिको हुनुपर्ने व्यवस्था छ । तर कार्यालयले देहाय अनुसार एक वर्ष वारेन्टि भएको निर्माण कार्यको कार्यसम्पादन जमानत घटि रहेको देखियो । अतः निर्माण कार्यहरु गराउँदा नियमावलीमा निर्धारण गरिएको अवधि सम्मको कार्यसम्पादन जमानत राख्ने व्यवस्था गरिनु पर्दछ ।

| ठे नं. | निर्माण कार्य | निर्माण व्यवसायी | लागत अनुमान | कबोल अंक | सम्पन्न गर्नुपर्ने | जमानत हुनुपर्ने | जमानत भएको |
|---|---|---|---|---|---|---|---|
| १ | ढुंगा छाप्ने कार्य | सि एम सि | २११४९३४९ | १६२,११,९०७ | २०७६/११/३० | २०७७/६/२२ | २०७७/५/२१ |
| २ | नपा भवन | कर्मचार्य कंसट्रक्सन | ४७१८३५४ | ३९,४२,०९७ | २०७६/५/२२ | २०७७/६/२२ | २०७७/५/२१ |

८.६ **निर्माण कार्यको विमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १० लाख रुपैया भन्दा बढि मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री तथा उपकरण, त्रुटि सच्याउने अवधि सम्मा हुने नोक्सानी तथा कामदार/कर्मचारीहरुको दुर्घटना समेतको विमा गराउनु पर्ने व्यवस्था छ । तर कार्यालयले निर्माण गराएका देहाय बमोजिमको निर्माण कार्यको विमा गराउने बोलपत्र कागजातमा व्यवस्था भएतापनि विमा गराएका छैनन् र विमा खर्च लेखेको पनि छैन । कार्यालयले त्यसको अनुगमन गरेको पनि छैन । यसबाट निर्माण स्थलमा हुने दुर्घटनाको क्षतिपूर्तिको जोखिम बढेको छ । अतः नियमावलीको व्यवस्था अनुसार विमा गराई दुर्घटनाबाट हुने जोखिमको क्षति न्यूनिकरण गरिनु पर्दछ ।

| ठे नं. | निर्माण कार्य | निर्माण व्यवसायी | लागत अनुमान | कबोल अंक | बोलपत्रको दफा | कैफियत |
|---|---|---|---|---|---|---|
| २ | ढुंगा छाप्ने कार्य | सि.एम.सि. | २११४९३४९ | १६२११९०७ | १९.१ | व्यवस्था नभएको |
| ७ | टक्सार घुम्ति सडक | सुशिला निर्माण सेवा | ८९५७७७ | | | |
| ४ | न.पा. भवन | कर्माचार्य कन्स्ट्रक्सन | ४७१८३५४ | ३९४२०९७ | | घटि अवधि गरेको |

८.७ **बढि भुक्तानी** . गो भौ नं ७३८-२०७६/३/३१ मा आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६।३ अनुसार खर्च लेख्दा खर्चको विल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । नगरपालिका भवन निर्माणको चालु विल न ९ मिति २०७६।३।३१ को विजक अनुसार मु अ कर समेत रु २२,९०,००५/- भुक्तानी दिनु पर्नेमा गोश्वारा भौचर रु २३,२४,९९२/- को तयार गरि भुक्तानी गरेकोले रु ३४,९८८/- बढि भुक्तानी गरेको देखियो । अतः उक्त रकम असुल गर्नु पर्ने देखिएको रु ३४,९८८/-

८.८ **बढि भुक्तानी :** गो भौ नं ६१६-२०७६/३/२६ र ४२५-२०७६/२/३० मा निर्माण व्यवसायीलाई निर्माण कार्यको भुक्तानी गर्दा ठेकेदारको अन्तिम विल तथा नापी किताव अनुसार यथार्थ खर्चको भुक्तानी दिनु पर्दछ । कार्यालयले शुशिला निर्माण सेवालाई तानसेन टक्सार सडक निर्माण कार्यको कुल नापी (total measurement) अनुसार मु.अ. कर रु ९८,२८७।४५ समेत रु ८५४,३४४।७८ भुक्तानी दिनु पर्नेमा रु ९०१,४७८/- भुक्तानी गरेकोले बढि भुक्तानी दिएको रकम शुशिला निर्माण सेवाबाट असुल गर्नुपर्ने देखिएको रु ४७,१३३/-

| | | |
|---|---|---|
| ८.९ | **स्कर्पियो गाडी खरिद :** सवारी साधन खरिद गर्दा आवश्यकताको पहिचान गरि सार्वजनिक खरिद ऐन २०६३ अनुसार प्रतिस्पर्धात्मक तवरबाट खरिद गरिनु पर्दछ । कार्यालयले बोलपत्रसमेत नगरी क्याटलग विधिवाट लागत अनुमान रु ७१,००,०००/- रहेको सवारी साधन खरिद गर्दा एकमात्र आपूर्तक लोक शुशिला अटो कन्सर्नको मु.अ. करसमेत कवोल अंक रु ७०,९५,०००/- (१% भन्दा कम) मा खरिद गरेको छ । कार्यालयले २०७३।०७४ को २०७३।४।१४ मा बा १५ च ३४८३ नं. को गाडी रु ३९,५०,०००/- मा खरिद गरेकोमा पुन यो वर्षसमेत रु ७०,९५,०००/- को गाडी खरिद गरेको देखियो । अतः प्रतिश्पर्धामक रुपमा मितव्ययी हुनेगरी खरिद कार्य गरिनु पर्ने देखिन्छ । | |
| ९. | **उपभोक्ता समिति :** यसमा देहायका व्यहोराहरु देखिएका छन् । | |
| ९.१ | **खर्च सार्वजनिकीकरण र सामाजिक परिक्षणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नु पर्ने र आफुले गरेको काम कारवाहीका सम्बन्धमा सार्वजनिक खरिद अनुगमान कार्यालयले तोकेको प्रकृया वमोजिम तोकेको अवधि भित्र सामाजिक लेखापरिक्षण गराउनु पर्ने तथा उपनियम (१२) मा निर्माण कार्य सम्पन्न भए पछि सार्वजनिक निकायले सो को रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । तर अधिकांश उपभोक्ता समितिले खर्च सार्वजनिकिरण तथा सामाजिक परिक्षण गराउने गरिएको छैन । केही उपभोक्ता समितिले सार्बजनिकिकरण फारम तयार गरेतापनि फाराममा आम्दानी श्रोत, खर्च विवरण, मौज्दात, भुक्तानी दिदाँ बाँकी अवस्था योजनाको लक्ष्य प्रगति केही पनि उल्लेख गर्ने नगरेको केवल योजनाको नाम र उपस्थित लाभग्राहीको हस्ताक्षर मात्र रहेको छ । अतः उपभोक्ता समितिवाट सम्पन्न भएका योजनाहरुको खर्च सार्वजनिकिकरण तथा सामाजिक परिक्षण गराउने व्यवस्थाको अनुसरण गरिनु पर्दछ । | |
| ९.२ | **योजना हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति द्धारा निर्माण कार्य सम्पन्न भए पछि सार्वजनिक निकायले सो को रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । तर उपभोक्ता समितिद्धारा निर्माण सम्पन्न भएको योजनाहरु कार्यालयले रेखदेख मर्मत सम्भारको जिम्मेबारी सहित समुदायलाई हस्तान्तरण गर्ने गरेको छैन । अतः सम्पन्न योजनाहरु उपभोक्ता समिति वा लाभग्राही समुदायलाई योजनाको उपभोग, मर्मत सम्भार, रेखदेख र स्वामित्व एवम योजनाको निरन्तरता हुनेगरी हस्तान्तरण गर्ने गरिनु पर्दछ । | |
| ९.३ | **उपभोक्तालाई बढि भुक्तानी :-** गो भौ नं ७४५-२०७६/३/३१ मा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा एक करोड रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभेक्त समिति वा लाभ ग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिने सो रकममा मुल्य अभिबृधिकर, ओभर हेड कन्टिजेन्सी रकम र जनसहभागिताको अंश समेत समावेश हुने व्यवस्था गरेको छ । कार्यालयले टुडिखेल स्तरोन्नती तथा टुडिखेल सौन्दर्यकरण निर्माण उपभोक्ता समिति संगको २०७५।१२।१० को सम्झौता अनुसार उपभोक्ता समितिद्धारा रु ३१,५९,१०८।७६ को कार्य भएमा कार्यालयले रु ३०,००,०००/- मा कन्टिन्जेन्सी समेत रु १,५०,४३३।७६ कट्टि गरी रु २८,४९,५६६।२४ (९०%) ले भुक्तानी दिने गरि सम्झौता गरेको थियो । तर उपभोक्ता समितिको खुद कार्य रु २४,८७,२०८।३५ मात्र भएको देखिएकोले सो को ९० प्रतिशतले हुने रु २२,३८,४८७।५० मात्र भुक्तानी दिनु पर्नेमा रु २४,८७,२०८/- दिएकोले बढि भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु | २,४८,७२०/५० |
| ९.४ | **उपभोक्ताको अंश :-** उपभोक्ता मार्फत गराईने काममा उपभोक्ता वा लाभग्राहीको समेत योगदान रहेको हुनु पर्दछ । तर कार्यालयले रु.५० हजार भन्दा घटिका उपभोक्ता समितिबाट निर्माण गराउन सम्झौता गरिएका योजनाहरुमा उपभोक्ता समितिको जनश्रमदान रहेको छैन । जनश्रमदान समावेश नगरिनुले उपभोक्ता समिति मार्फत कार्य गराउनुको मनसाय पुर्ण हुने देखिँदैन । अत : नियमावली अनुसार उपभोक्ता समुहलाई निर्माण कार्यमा सहभागी गराइनु पर्ने देखिन्छ । | |

९.५ **मेशिनरी प्रयोग :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उप नियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालन हुने निर्माण कार्यमा लोडर,एक्साभेटर,रोलर, डोजर,ग्रेडर, विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशिन प्रयोग गर्न नपाइने तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएकोमा सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख भएको र सोही नियमको उप नियम ९ (क) मा उल्लिखित विपरित हेभी मेशिन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदाय संग भएको सम्झौता रद्द गरिने उल्लेख छ । तर कार्यालयको २०७५ चैत्र र आषाढ महिनाको श्रेस्ता परिक्षणमा देहाय अनुसार उपभोक्ता समितिले सम्झौता गरेको काममा एक्साभेटर प्रयोग गरेकोमा नियमावली अनुसार सिफारिस तथा स्वीकृत समेत लिएको देखिएन । यसका केहि उदाहरण देहाय अनुसार छन् ।

| **भौ.नं र मिति** | **उपभोक्ता समितिको नाम** | **कार्यालयको अंश** | **निर्माण व्यवसायी** | **मेशिनको खर्च रु.** |
|---|---|---|---|---|
| ७२६-२०७६/३/३१ | बौघा गुम्बा छेलुङ मो.बा. | ३२८५६९५ | तिमिल्सिना कन्सट्रक्सन प्रा लि | ३३३४२०३ |
| ५४-०७५/९/९ | भलायरुख न्युनडाँडा विरपोखरा | ३००००० | | ३५६३९९ |
| ७१-०७५/९/१३ | हातेमालो उपभोक्ता समिति | १००१८७ | सिद्धबाबा सप्लार्यस | १२०३४५ |
| ८५-०७५/९/२० | गैरी कटेरी चालिसे रिङ्गरोड निर्माण | ३८०००० | श्रेष्ठ निर्माण सेवा | ४६०३०५ |
| २०१-०७५/१२/१ | अधेरी गैडाचौर भेली गौरा मो.वा | ९५००० | भैरव विल्डर्स | ११५२६० |
| ७२१-०७६/३/३१ | वसपार्क लहरे पिपल बतासेडाँडा | २१७६६४४ | श्रेष्ठ निर्माण सेवा | २७६२४१४ |
| ७०४-०७६/३/३१ | तिन्टीआप खर्केडाँडा दलितबस्ती मोटर वाटो | ३६६२९१ | घिमिरे कन्सट्रक्सन | २१०००० |
| ६६२-०७६/३/३१ | चण्डीस्थान विस्डाँडा मो बा | १७०८४६ | एस एन ए कन्सट्रक्सन एण्ड | १६१३६४ |
| | **जम्मा** | **६८७४६६३** | | **७५२०२९०** |

९.६ **उपभोक्ताको योगदान :** गो भौ न ७२६-२०७६/३/३१ मा वाड न १३ सिमलरुख बौघागुम्वा छेलुङग मो.बा. निर्माणका लागी उपभोक्ता समिति गठन गरि लागत अनुमान रु ४७५०६७९।९९ मध्ये कार्यालयको वजेट रु ४००००००/- मा कन्टिन्जेन्सी रु २०००००/- कट्टि गरी रु ३८०००००/- दिने गरी २०७५।१२।२५ मा कार्यालय र उपभोक्ता समिति विच सम्झौता भएको र सम्झौताको दफा २५ मा कार्यालय र उपभोक्ता समिति विच सम्झौता भएको र सम्झौताको दफा २५ खण्ड ( घ) मा नगरसभाबाट पारीत योजनामा २० प्रतिशत जनसहभागीता अनिवार्य हुनुपर्ने उल्लेख भएकोले सम्झौताको व्यवस्था कार्यानवयन भएको हुनुपर्दछ । उल्लिखित लागत अनुमान भएतापनि नापी किताव तथा कामको मुल्यांकन अनुसार रु ३२,८५,६९५/- मात्र कार्य भएको देखिएकोले सम्झौताको शर्त अनुसार खुद कार्यको ८० प्रतिशतले हुने रु २६,२८,५५६/- भुक्तानी दिनु पर्नेमा रु ३२,८५,६९५/- भुक्तानी गरेकोले वढि भुक्तानी गरेको रकम उपभोक्ता समितिबाट असुल गर्नुपर्ने देखिएको रु ६,५७,१३९/-

१० **कन्टिन्जेन्सी खर्च :** नगरपालिकाले कन्टिन्जेन्सी रकमको छुट्टै खाता राखी कार्यविधि तयार गरेर सोहि अनुसार खर्च गर्ने गनुपर्दछ । तर कार्यालयले अलग्गै कन्टिन्जेन्सी खाता नराखि दायत्वि देखाई बैक नगदीको विविध महलमा राखि चालु तर्फ रु ४७७३९ र पुजिगत तर्फ रु २६१७१९५।१४ समेत रु २६,६४,९३४।१४ खर्च गर्दा कार्यविधि बनाएको छैन । अत कन्टिन्जेन्सीबाट खर्च गर्दा छुटै कन्टिन्जेन्सी खाता राखि कार्यविधि बनाएर मात्र खर्च गर्ने गरिनु पर्दछ ।

११ **पन्जिकरण तथा सामाजिक सुरक्षा खर्च:** यसमा देहायका व्यहोराहरु देखिएका छन् ।

११.१ **चौमासिक प्रोफाइल :** सामाजिक सुरक्षा संचालन कार्यविधि २०७२ अनुसार सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुले प्रत्येक चौमासिक लाभग्राही खाता तयार गर्नु पर्दछ । यस नगरपालीका अर्न्तगत वडा कार्यालयहरुले कार्यविधिमा व्यवस्था भए वमोजिम लाभग्राही अभिलेख खाता तयार गरेको देखिएन जसले गर्दा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही मध्ये लगत कट्टा भएको संख्या यकिन गर्न सकिएन । अत: चौमासिक लाभग्राही अभिलेख खाता तयार गर्नु पर्दछ ।

११.२ **लेखापरिक्षण :-** गो भौ नं २-२०७५/७/७ मा कार्यालयले सामाजिक सुरक्षा स्वरुप भत्ता प्राप्त गर्न

| | | |
|---|---|---|
| | योग्य लाभग्राहीलाई तोकिए बमोजिम भत्ता भुक्तानी गर्नुपर्दछ । नगरपालिका १४ वटा वडा कार्यालयहरु मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिएको मध्ये सब भन्दा धेरै पहिलो स्थानमा रहेको वडा नं.१४ र पांचौ नम्बरमा रहेको वडा नं. १२ को सामाजिक सुरक्षा भत्ता वितरणको फांटबारी तथा भरपाई परिक्षण गरी नगरपालिकाको अन्य वडाहरुमा असुल बढि भुक्तानी गरेको हुनसक्ने भएकोले सामाजिक सुरक्षा भत्ता वितरण गरेको भरपाइहरु नगरपालिका स्वंयले यकिन गर्ने गरी लेखापरीक्षण सम्पन्न गरीएको छ । | |
| ११.३ | **बैंक मार्फत भुक्तानी :-** कार्यालयले सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत बैंक खातामा भुक्तानी गरेको हुनु पर्दछ । तर कार्यालयले १ देखी १० वडा सम्म सामाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानी गरेता पनि ११-१४ वडा सम्म बैंक खाता मार्फत भुक्तानी नदिई नगदै भुक्तानी गरेको देखियो । अत : सबै वडाहरुको रकम बैंक खाता मार्फत भुक्तानी गर्नु पर्ने देखिन्छ । | |
| १२ | **जनशक्ति व्यवस्थापनः** यसमा देहायका व्यहोराहरु देखिएका छन्: | |
| १२.१ | **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपुर्ती र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वीकृत गरेको संगठनात्मक संरचना अनुसार कर्मचारी दरवन्दी, पदपूर्ति तथा रिक्त रहेको विवरण लेखापरिक्षणार्थ पेश गरेको छ । विवरण अनुसार ९९ जनाको दरबन्दी रहेकोमा संघीय सरकारबाट सरुवा ६१ जना साविक स्थानीय तहमा कार्यरत ३० जना, करारमा आन्तरिक पदपूर्ती ६५ जना समेत १५६ जना पूर्ती भएको र १९ जना रिक्त रहेको देखियो । अतः कार्यालयमा रिक्त रहेका दरवन्दिहरु पदपूर्ति गरिनु पर्ने देखिन्छ । | |
| १२.२ | **तलबी प्रतिबेदन :** स्थानिय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था छ । तर कार्यालयले स्वास्थ्य, कृषि, पशु तथा नगरपालिका कार्यपालिका तर्फ कर्मचारीको तलबी प्रतिवेदन पारीत नगरी तलव खर्च लेखेको छ । अतः तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| १२.३ | **पदपुर्तीको माग** : कार्यालयमा रहेको कर्मचारीको दरवन्दि स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ८५ अनुसार पदपुर्ती गरिएको हुनुपर्छ । आर्थिक वर्ष २०७६।७७ मा लोक सेवा आयोगमा स्थायी पदपुर्तीकालागी नगरपालिकाले माग पठाएको छैन। तर । स्थायी तवरले दरबन्दि पूर्ती नगरी २०७५।७६ मा ६५ जना करार रहेकोमा यो वर्ष १३ जना थपलाई थप नियुक्ति गरि ७८ जना करारमा कार्यरत रहेका छन् । निजामति सेवा ऐन २०४९ तथा स्थानिय सरकार सञ्चालन ऐन को दफा ८५ अनुसार पदपूर्ती गरिनु जरुरी छ । | |
| १३ | **तलब भत्ता तथा थप सुविधा : यसमा देहायका सुविधाहरु रहेको छन ।** | |
| १३.१ | **थप सुविधा :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६ अनुसार स्थानीय तहको सेवा सुविधा सम्वन्धि व्यवस्था संघिय कानुन वमोजीम हुने उल्लेख छ । | |
| | (क) तर कार्यालयले ज्यालादारी तथा करारमा नियुक्ति भएका कर्मचारीहरुलाइ दशै खर्च तथा पोसाक सुविधा दिने व्यवस्था नरहेकोमा नगरपालिकाले कारार तथा ज्यालादारीमा कार्यरत ५८ जना कर्मचारीहरुलाइ पोशाक सुविधा रु ५८०००० र चाडपर्व खर्च रु ८१७५१० समेत रु १३९७५१० खर्च लेखी थप व्ययभार पारेको देखियो । यस प्रकारको खर्च नियन्त्रण गरिनु पर्दछ । | |
| | (ख) त्यस्तै कार्यालयले यो वर्ष देहाय अनुसार नगरपालीकाका कर्मचारीहरुलाइ तलवको ९ प्रतिशत थप भत्ता समेत भुक्तानी गरेको देखिएको छ । नगरपालीकाको २०७५।१०।१६ को चौथो नगरसभाले संघिय कानुनसंग मेल नहुने गरी सबै कर्मचारीहरुलाई खाइपाइ आएको तलवको ९ प्रतिशत भत्ता दिने गरी निर्णय गरेकोले संघिय कानूनसंग फरक पर्ने निजामती तर्फका साविक स्थानीय निकाय रु. ३८, करार तथा ज्यालादारी पूर्व जनहित ११९ जना कर्मचारीहरुलाई तलबमा १९ प्रतिशत प्रोत्साहन भत्ता रु. २०,०७,१९९.४१ भत्ता दिएकोले यस प्रकारको खर्च नियन्त्रण गरिनु पर्दछ । | |
| १३.२ | **सेवा करार** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) मा कार्यालय सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा | |

| | | |
|---|---|---|
| | कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । कार्यालयले सेवा प्रवाहको लागि आवश्यक भएको उल्लेख गरि विभिन्न मितिमा सम्झौता गरी विभिन्न दर्जाका ६५ जना कर्मचारी नियुक्ती गरी तलव भत्ता खर्च लेखेको देखियो । यसरी नियममा व्यवस्था भए अनुरुपको प्रक्रिया पूरा गरी सेवा करार लिनुपर्नेमा निवेदनको आधारमा करार सेवामा लिने कार्य नियम सम्मत देखिएन । अतः नियमावलीमा उल्लिखित व्यवस्था अनुसार पदपूर्ति गरिनु पर्दछ । | |
| १३.३ | **चालु तथा पुजीगत खर्चः** यसमा निम्न व्यहोराहरु देखिएका छन् । | |
| १३.३.१ | **प्रशिक्षण कक्षाः** स्थानिय सरकार ऐन २०७४ को दफा १०२ (१) वमोजिम तानसेन नगरपालिकाको लागी खर्चको मापदण्ड सम्बन्धी निर्देशिका २०७५ दफा २ (ख) मा दैनिक २ कक्षा मात्र सञ्चालन गर्नुपर्ने र कक्षा कम्तीमा १।३० घण्टाको हुनुपर्ने उल्लेख छ । उपसचिव रेशमलाल न्यौपानेले व्यवस्थापकीय क्षमता विकास तालिम २०७६।२।१४ र १५ गते २।१९ र २० गते,२।२९ र २७ गते सम्पन्न तालिममा पेश्की रु १९६५०० फछ्यौट गर्दा प्रशिक्षक कपिल प्रसाद पुरीलाई दैनिक ३।३ कक्षाका दरले ६ दिनको १८ कक्षाको प्रति कक्षा २००० का दरले ३६००० भुक्तानी गरेको देखियो । निर्देशिकाले दैनिक २ कक्षा मात्र लिन पाउने व्यवस्था गरेकोले ६ दिनको १२ कक्षाका दरले ( १२०००* २०००) २४००० मात्र पाउने देखिएकोले वढि भुक्तानी दिएको रु १२००० असुल गर्नुपर्ने रु | १२००० |
| १३.३.२ | **आमन्त्रित सदस्य संख्याः** सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका २०७५ को परिच्छेद २ मा बैठकमा सहायक कर्मचारी १ जना र सहयोगी कर्मचारी १ जनाका साथै विशेषज्ञ सेवा आवस्यक परेको अवस्थामा वढिमा ३ जना सम्म आमन्त्रित सदस्यका रुपमा राख्न सकिने व्यवस्था छ । नगर शिक्षा समितिको विभिन्न मितिमा सबै वैठकहरु विहान वेलुका बसेको देखाई निम्नानुसार ३ जना भन्दा वढि आमन्त्रित सदस्यहरु समावेश गरी वैठक भत्ता खर्च लेखेकोले नियम अनुसार नदेखिएको रु | १४००० |

| बैठक संख्या | सहभागी संख्या | आमन्त्रित संख्या | वढी संख्या | भत्ता दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १ | २० | ४ | १ | १००० | १००० |
| २ | १९ | ४ | १ | १००० | १००० |
| ३ | २० | ८ | ५ | १००० | ५००० |
| ४ | १७ | ६ | ३ | १००० | ३००० |
| ५ | १२ | ४ | १ | १००० | १००० |
| ६ | २० | ६ | ३ | १००० | ३००० |
| | | **जम्मा** | | | **१४०००** |

| | | |
|---|---|---|
| १३.३.३ | **गतवर्षको खर्चः** गो भौ नं ४६६-०७५/१२/१ मा आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४० (७) र (८) मा चालु वर्षको वजेटले नखाम्ने गरी बढी खर्च हुने गरी दायित्व सृजना गर्न नहुने तर विशेष कारण एंव परिस्थितिवस चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्न पर्ने भएमा विल भरपाइ वमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिनुपर्ने कारण खोली भुक्तानी दिन बाँकिको कच्चावारीमा चढाइ श्रावण १५ गते भित्र कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराइ राख्नु पर्ने व्यवस्था छ । नगरपालिका कार्यालयले नगर पुर्वाधार विकास समितिको २०७५ आषाढ ६ गते वुधबारका दिन पुर्वाधार विकास समितिको बैठक बसेको भनी ९ जना पदाधिकारीलाई १००० का दरले प्रमाणित म.ले.प.फा.नं. १८ बेगर बैठक भत्ता लेखेकोले नियमित नदेखिएको रु | ९००० |
| १३.३.४ | गो भौ नं १००६-०७६/३/२७ मा वन व्यवस्थापन तालीमको प्रशिक्षकहरुलाई प्रशिक्षण दिएको प्रशिक्षण भत्ता रु ८४०० भुक्तानी गर्दा आयकर ऐन २०५८ को दफा ८८ वमोजिम १५ प्रतिशत का दरले रु १२३० कट्टा गर्नुपर्नेमा ७५० मात्र कट्टा करेकोले नपुग रु ५१० असुल गर्नुपर्ने रु | ५१० |
| १३.३.५ | गो भौ नं ८५४-०७५/३/१२ मा आयकर ऐन २०५८ दफा ८८ वमोजिम भाडा भुक्तानीमा १० प्रतिशत कर कट्टा गरेर भुक्तानी गर्नुपर्दछ । अखिल नेपाल महिला स.घको आयोजनामा लेखा | |

| | | |
|---|---|---|
| | व्यवस्थापन तथा नेतुत्व विकास तालीममा २ दिन संचालन भएकोमा गाडी भाडा रु ६५०० खर्च गरेको कर रु ६५० कट्टा नगरेकोले असुल गर्नुपर्ने रु | ६५० |
| १३.३.६ | गो भौ नं ९१३-२०७६/३/१९ मा वडा सचिव मंजु कुमारी आचार्यलाई ६ वटा वैठकको भत्ता ६००० भत्ता दिईसकेपछि पुनः ६ वटा वैठकको ३०० का दरले रु २७०० कर कट्टा गरी रु १५३० भुक्तानी गरेकोले दोहोरो भत्ता दिएको देखिएकोले असुल गनुपर्ने रु | १५३० |
| १३.३.७ | गो भौ नं ९२५-०७६/३/२२ मा न. ३ वडा कार्यालयका ना.सु मिरा क्षेत्रीले पेश गरेको विवरण अनुसार खाजा, मसलन्द,इन्धन बैठक भत्ता लगायतका शिर्षकको जोड जम्मा गरी हेर्दा १२८२७२ मात्र विल भरपाइ पेश भएकोले विल भरपाइ भन्दा बढी खर्च लेखेको रु ३११० असुल गर्नुपर्ने | ३११० |
| १३.३.८ | गो भौ नं ९२४-०७६/३/२२ मा वाड नं. १४ वडा सचिव शंकर पाण्डे समेत ७ जना पदाधिकारी सहित काँक्रे विहार,सुर्खेत,मुगु,कर्णाली लगायतका स्थानमा वा १८ च. २४३५ स्कार्पियो गाडी भाडामा लिएको ३१५०० को १० प्रतिशत ले हुने रु ३१५० आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नुपरेमा नगरपालिका खातामा दाखिला भएकोले हिसाव मिलान हुनुपर्ने रु | ३१५० |
| १३.३.९ | गो भौ नं ५४५-०७५/१२/२९ मा सुचना प्रविधि अधिकृत प्रकाश गैरेद्धारा पेश जानकी टेक्नोलोजी प्रा.लि.लाई ग्रुप एस एम एस सिष्टम नवीकरण गर्नुपरेको भनी विल न ३२८९ बाट मु.अ.कर. रु ५३३ समेत रु ४६३५ भुक्तानी गरेकोमा फोटो कपी विल संलग्न गरेकोले सक्कल विल पेश हुनु पर्ने रु | ४६३५ |
| १३.३.१० | गो भौ नं ३१४-०७५/९/१९ मा ११ नं वडा अध्यक्ष श्री दामोदर प्रसाद घिमिरे २०७५।८।१९ देखी ८।२१ सम्म यु.जि.डि.पि मिटिङमा काठमाडौ भ्रमण गर्दा हवाइ भाडा वापत रु ७५०० खर्च लेखेकोमा वोर्डिङ पास पेश नभएको रु | ७५०० |
| १३.३.११ | गो भौ नं १११०-०७६/३/३१ मा योजना अधिकृत विष्णु पौडेल २०७६।२।२६ देखी २८ सम्म काठमाडौ भ्रमण गर्दा भ्रमण आदेशमा उल्लेख भएको मिति र स्थान भन्दा फरक ठाउको कावेरी ट्राभल्स एण्ड टुर्स प्रा.लि न्युरोडको visa consultancy चार्ज र सर्भिस चार्ज समेतको विवरण संलग्न गरी २४५०० अतिरिक्त खर्च लेखेको रु | २४५०० |
| १३.३.१२ | **खर्चको प्रमाण:** आर्थिक कार्यविधि नियमावली २०६४ कोनियम ३६ मा खर्च गर्दा खर्चको विल भरपाइ सहित लेखा राख्न पर्ने व्यवस्था छ । निम्न वमोजिमको फर्म वा समुहलाई रकम भुक्तानी गरी खर्च लेखेकोमा खर्चको विल भरपाई पेश नभएको रु | २०४१९९ |

| भौ.न र मिति | व्यक्ति / फर्म/ समुह | विवरण | भुक्तानी रु | कैफियत |
|---|---|---|---|---|
| ५०६-०७५/१२/१० | परिवर्तनशिल तरकारी उत्पादन | | ५०००० | फाटवारी पेश नभएको |
| ५३३-०७५/१२/६ | होमस्टे (घरवास )एशोशियसन | | १०००० | फाटवारी पेश नभएको |
| ८७९-०७६/३/१६ | प्रकाश भेट सेन्टर,बुटवल | रोग विरुद भ्याक्सिन | ३९०० | प्रयोग विवरण नभएको |
| ९२६-०७६/३/१२ | भैरव व्याग हाउस, तानसेन | व्याग ७ थान | १२००० | जिन्सी दाखीला नभएको |
| ९३३-०७६/३/२२ | सृजना एग्रोभेट सेन्टर | औषधि | ७४३२० | वितरण भरपाइ नभएको |
| ९९१-०७६/३/२५ | नमुना महिला कृषि समुह | वाखा वितरण | ४०००० | वितरण भरपाइ नभएको |
| १००५-०७६/३/२७ | कल्पना जि.सी. | विविध खर्च | ६००० | विल भरपाइ नभएको |
| ४७४-०७५/३/१० | तुल्सीराम कोइराला | किचनका सामान | ७९७९ | जिन्सी आम्दानी नबाधेको |
| | **जम्मा** | | **२०४१९९** | |

| | | |
|---|---|---|
| १३.३.१३ | आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) मा विल भरपाइ सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । पशु चिकित्सक हरि प्रसाद कोइरालालाई देहाय वमोजिम घासको वीउ तथा तरकारीको विउ खरिद खर्च रु १७८७५० भुक्तानी गरेकोमा ती सामानहरु प्रयोग तथा वितरण भएको नदेखिएको रु | १,७८,७५०/- |

| **भौ.न. मिति** | **विवरण** | **परिमाण** | **रकम** |
|---|---|---|---|
| ४७१-०७५/१२/७ | बर्ष घाँसको वीउ | १६० के.जी | १९२०० |

| | | | |
|---|---|---|---|
| ४७९-०७६/१२/७ | वीउ विजन | ७ प्रकारका | ६५९०० |
| | ५थरी विउ | ६२५ थान | ३६२५० |
| | सिरिन्ज लगायत ११ थरी सामान | | ५७४०० |
| | जम्मा | | १७८७५० |

| | | |
|---|---|---|
| १४ | **कार्य सञ्चालन र प्रशासनिक खर्च :-** यसमा देहायका व्यहोरा देखिएका छन्। | |
| १४.१ | **प्रशासनिक खर्च :-** कार्यालयले आफ्नो आन्तरिक आय अनुसार प्रशासनिक खर्च गरेको हुनु पर्दछ। कार्यालयको कूल आन्तरिक आय रु.५१८२९५९३ ।- रहेकोमा प्रशासनिक खर्च रु.६६७३६२७५ ।- गरेको विवरण लेखापरीक्षणर्थ पेश गरेको छ। अत : आफ्नो आन्तरिक आयको परिधि भित्र रहेर प्रशासनिक खर्चको बजेट सिमा कायम गरिनु पर्ने देखिन्छ। | |
| १४.२ | **कर्मचारी कल्याण कोषः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा अनुसार कर्मचारी कल्याण कोषको व्यवस्था गर्नु पर्ने व्यवस्था रहेको छ। तर नगरपालिकाले उक्त कोषको व्यवस्था गरेको देखिएन। अतः उक्त कोषको व्यवस्था गरिनु पर्ने देखिन्छ। | |
| १५ | **करकट्टि र दाखिला यसमा निम्न व्यहोराहरु छन :** | |
| १५.१ | **अग्रिम कर** आयकर ऐन २०५८ को दफा ८८ र ८९ अनुसार मुल्य अभिवृद्धि करमा दर्ता भएका सेवा प्रदायक वा आपूर्तकहरुलाई मु.अ.कर सहितको कर विजक अनुसार भुक्तानी गर्दा विजक मुल्यको १।५ प्रतिशत कर कट्रि गर्नुपर्ने र मु.अ कर दर्त नभएको आपूर्तक वा सेवा प्रदायकलाई भुक्तानी गर्नुपर्दा १५ प्रतिशत कर कट्टि गर्नुपर्ने व्यवस्था छ। नगरपालीकाले लुम्विनी मेडिकल कलेजलाई आमा सुरक्षा कार्यकम अन्तरगत प्रसुती सेवा खर्च देहाय अनुसार सेवाग्राहिको खर्च रु ६७६४०००/- सोधभर्ना र स्वास्थ्य संस्था मेडिकल कलेजको शुल्क रु १०६४८९००/- समेत रु १७४१२९००/- भुक्तानी दिएकोमा मेडिकल कलेजले बील तथा कर विजक जारी गरेको छैन। अतः कर विजकसमेत जारि नगरेकोले मेडिकल कलेजको सेवा शुल्क भुक्तानीमा ऐन अनुसार १५ प्रतिशत कर कट्टि गर्नुपर्ने देखिएको रु | **१५,९७,३३५/-** |

| **भौ.न. र मिति** | **अवधि** | **भुक्तानी** | **सेवाग्राहिको खर्च रु** | **कलेजको सेवा शुल्क** | **१५ प्रतिशत कर** |
|---|---|---|---|---|---|
| ९१-२०७५/९/१९ | आषाढ कातिक | ६७३८६०० | २७८१६०० | ३९५७००० | ५९३५५० |
| १५१-२०७५/१२/२७ | पौष र माघ | २५९२४०० | ११५८४०० | १४३४००० | २१५१०० |
| १०७-२०७५/११/१८ | मार्ग | १३१४७०० | ४८४००० | ८३०७०० | १२४६०५ |
| २६१-२०७६/३/२९ | फाल्गुण आषाढ | ६७६७२०० | २३४०००० | ४४२७२०० | ६६४०८० |
| **जम्मा** | | **१७४१२९००** | **६७६४०००** | **१०६४८९००** | **१५९७३३५** |

| | | |
|---|---|---|
| १६ | **सञ्चित कोष :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ६३ अनुसार गाउँपालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सबै वाँकी रकम सम्वन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। कार्यालयले साविकका ७ गाउँ विकास समितिको नाममा रहेका कोषहरुको सम्बन्धमा अभिलेख व्यवस्थित नगरेबाट उक्त कोषहरुको मौज्दात रकम यकिन गर्न सकिएन। तत्कालिन गाउँ विकास समितिको नाममा बाँकी रहेका सम्पूर्ण कोषहरु यकिन गरी नगरपालिका अन्तर्गत ल्याइनु पर्दछ। | |
| १७ | **घरनक्सा निवेदन र नक्शा पास :-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ३३ को उपदफा (२) अनुसार नक्सा पासको लागी तोकिएको अवधि औसत ३० दिन देखी ५० दिन भित्र घर निर्माणको अस्थायी अनुमति पत्र दिनु पर्ने व्यबस्था छ। कार्यालयले तयार गरेको घर नक्सा पास र निर्माण कार्य सम्पन्न सम्बन्ध विवरण अनुसार यो वर्ष २५० वटा घर नक्सा पासको निवेदन प्राप्त भएकोमा अस्थायी अनुमति पत्र १८० वटा (७२ प्रतिशत) मात्र देखियो। कार्य सम्पन्न हुनेमा गत विगत अनुमति पत्र लिएका मध्ये ५० र यो वर्ष अनुमति लिएका मध्ये १३० समेत १८० वटा मात्र रहेको देखियो। यसबाट घर नक्सा पासको लागी दिएको निवेदन उपरको सेवा प्रवाह कारबाही सन्तोषजनक देखिएन। अतः घर नक्सा पासको निवेदन उपरको कारबाही | |

| | | |
|---|---|---|
| | यथाशिघ्र गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइनु पर्ने देखिन्छ। | |
| १८ | **जिन्सी सम्पति प्राप्ती,हस्तान्तरण एवं व्यवस्थापनः** यसमा देहायका व्यहोरा छन्। | |
| १८.१ | **जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन :-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० अनुसार बर्षका एक पटक जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गर्न पर्ने व्यवस्था छ। कार्यालयको जिन्सी निरिक्षण प्रतिवेदनमा स्टिल तथा काठका फर्निचरहरु, माईक्रो फोन, कम्प्यूटर सेट ३, प्रिन्टर ४, ड्रिल मेशिन १, मोटरसाईकल १, महिन्द्र जीप १, फोटोकपी मेशिन १, क्यामेरा ४, जे सि वी लोडर १, ल्यापटप ६ समेतका सामानहरु चालु हालतमा नरहेको उल्लेख छ। यसबाट सरकारी जिन्सी सम्पत्तिको संरक्षण र उपयोगमा असर पर्दछ। अत : जिन्सी निरीक्षण प्रतिवेदन अनुसार मर्मत हुन सक्नेको मर्मत सम्भार र मर्मत हुन नसक्नेको लिलाम बिक्री गरिनु पर्दछ। | |
| १८.२ | **सरकारी सार्वजनिक जग्गाको संरक्षण :** कार्यालयले सरकारी तथा सरकारी ऐलानी जग्गाको संरक्षण गरेको हुनु पर्दछ। नगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेको ऐलानी-पर्ती जग्गाको अभिलेख तयार गरेको छैन। अतः आफ्नो क्षेत्र भित्र रहेको ऐलानी-पर्ती सार्वजनिक जग्गाको संरक्षण तथा प्रवर्धन गर्ने कार्य तर्फ ध्यान दिनु पर्ने देखिन्छ | |
| १८.३ | **जिन्सीको वार्षिक प्रतिवेदन :-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५३ अनुसार कार्यालयले गत आर्थिक वर्षको मौज्दात, चालु आर्थिक वर्षमा खरिद गरेको तथा हस्तान्तरण भई आएको मालसामान र वस्तुगत सहायताको रुपमा प्राप्त भएको जिन्सि मालसामानको वार्षिक प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था रहेको छ। तर कार्यालयले तयार गरेको तथा सम्बन्धित मन्त्रालय र विभागल त्यसको अनुगमन गर्ने गरेको देखिएन। यसबाट नेप्सास अनुसारको प्रतिवेदन तथा सामानको वार्षिक मूल्यांकनमा असर पर्न सक्छ। यसको कारण गतविगत वर्ष देखि तयार गर्ने नगर्नु हो। अतः जिन्सिको वार्षिक प्रतिवेदन तयार गरिनु पर्दछ। | |
| १८.४ | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको वुँदा १७ बमोजिम नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको जिन्सी सम्पत्ति, पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाँउ/नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्ने उल्लेख छ। यस स्थानीय तहमा समाहित भएका साबिकका गाउँ विकास समितिहरु तथा विषयगत कार्यालयको पेश्की बाँकी विवरण, बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख कार्यालयले एकिन गरी अध्यावधिक गरेको देखिएन। अतः कार्यालयले पेश्की बाँकी तथा बेरुजुको अभिलेख एकिकृत गरी उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ। | |
| १८.५ | **दाखिलाः गो भौ नं** ६२७-०७६/३/२७ **मा** श्री भोले बावा फर्निचर ल्याण्ड बुटवल श्री लक्ष्मी माध्यमिक विद्यालयको छात्रावासको लागी लो बेड १८ थान खरिद खर्च रु १७०८५६/- भुक्तानी गरिएकोमा विद्यालयको जिन्सी खातामा आम्दानी वाधिएको प्रमाण पेश नभएको रु | १,७०,८५६/- |
| १९ | **न्यायिक समिति र मुद्दा फछ्र्यौट :-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ मा स्थानीय तहको न्यायिक समिति गठन हुने र दफा ५३ अनुसार न्यायिक समितिको वार्षिक कामको विवरण तयार गर्ने व्यबस्था छ। कार्यालयको वार्षिक प्रतिवेदन अनुसार २०७५/७६ मा ६५ वटा मुद्दा दर्ता भएको मध्ये २ वटा अदालतमा पठाएको, ५२ वटा मेलमिलाप द्वारा विवाद समाधान गरेको, ८ वटा प्रक्रियारत रुपमा रहेको र ३ वटा प्रहरीमा पठाएको देखिएको छ। न्यायिक समितिको न्याय सम्पादनका कार्यहरु प्रभावकारी बनाईनु पर्ने देखिन्छ। | |
| २० | **धरौटि : यसमा देहायको व्यहोराहरु देखिएका छन :** | |
| २०.१ | **धरौटी फिर्ता :** तानसेन नगरपालिकाको आर्थिक ऐन २०७५ को अनुसुची १२ अनुसार सडक फुटाउने इजाजतका लागी सेवा ग्राहीले राखेको धरौटिमा ५० प्रतिशत कट्टि गरि बाकी ५० प्रतिशत सेवा ग्राहिलाई फिर्ता गनुपर्ने व्यवस्था छ। तर कार्यालयले लेखापरीक्षणार्थ पेश गरेको धरौटि फिर्ताको विवरण अनुसार विविध १६ जना सेवा ग्राहीलाई ५० प्रतिशत भन्दा बढि धरौटि फिर्ता गरेकोले उक्त रकम यकिन गरी असुल गर्नुपर्ने देखिएको रु | १४८८२.०५ |

| | | |
|---|---|---|
| २१ | **सेवा प्रवाह :-** नगरपालिकाले यो वर्ष सर्वसाधारणले सेवा प्राप्तिका लागी कुल निवेदन मध्ये नागरिकता सिफारिस १४६१ मध्ये १४५६ वटा मृत्युदर्ता ४१९ चार किल्ला ७०० सम्बन्ध बिच्छेद २३ बसाई सराई प्रमाणित २०५ जन्म दर्ता १३४३ विवाह दर्ता ४९५ कार्य सम्पन्न भएको विवरणबाट देखियो । | |
| २१.१ | **सेवा प्रवाहको पारदर्शिता :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८(५) अनुसार गाँउपालीका/नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी , उत्तरदायी र जवाफदेही वनाउन सार्वजनिक प्ररिक्षण, सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण जस्ता कार्यक्रम सञ्चालन गर्नु पर्ने व्यवस्था छ । तर कार्यालयले त्यस अनुसार गराएको देखिएन । अतः ऐन अनुसारको व्यवस्थाको अनुशरण गरी सेवा प्रवाहलाई पारदर्शी गराइनु पर्दछ । | |
| २२ | **शिक्षा, युवा तथा खेलकुद** यसमा देहायका व्यहोराहरु देखिएका छन् । | |
| २२.१ | **निकासा खाता :** कार्यालयले विभिन्न विदालयहरुमा चौमासिक निकासा दिदा सो निकासा रकम निकासा खातामा प्रविष्टी गरी दोहोरो निकासा नहुने सुनिश्चित गर्नु पर्ने व्यवस्था छ । कार्याल्यले विद्यालयहरुलाई निकासा दिदा निकासा खाता अभिलेख राख्ने गरेको देखिएन जसले गर्दा दोहोरो निकासा हुन सक्ने जोखिम रहन्छ । कार्यालयले निकासा खाता अभिलेख अध्यावधिक गरी राख्नु पर्ने देखिन्छ । | |
| २२.२ | **शिक्षक लगत :** कार्यालयले निकासा दिने विद्यालयहरुमा शिक्षक नयाँ नियुक्ति हुँदा, सरुवा, बढुवा तथा अवकास भएको अवस्थामा सोको विवरण अद्यावधिक गरीनु पर्दछ । कार्यालयले सो विववरण तयार गरेको देखिएन । यसले गर्दा शिक्षकको विवरण अद्यावधिक नहुँदा घटी बढी निकासा हुन सक्ने देखिन्छ । | |
| २२.३ | **खेलकुद व्यवस्थापन भत्ता :** गो भौ नं २७७-२०७६/३/३१ मा कार्यालयले आफैले आयोजना गरेको खेलकुद प्रतियोगिताको व्यवस्थापन मूल्याङकन गरेको खर्च आफैले भुक्तानी लिनु हुदैन । नगरपालिकाले नगरस्तरीय राष्टपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता आयोजना गरेको खर्चका विल भरपाईहरुको आधारमा नगर शिक्षा अधिकारी श्री रेशमलाल न्यौपानेको रु १००००० पेश्की कट्टि गरी रु २३५९३० सोधभर्ना गरेका फाटवारी अनुसार निम्न ब्यहोरा देखियो । | |
| २२.३.१ | **अनुगमन भत्ता :** नगरपालिका आफैले आयोजना र व्यवस्थापान गरेको नगरस्तरिय राष्टपति खेलकुद प्रतियोगीता व्यवस्थापन तथा अनुगमन गरेको उल्लेख गरि नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरुलाई देहाय अनुसार भत्ता दिएको देखिएकोले असुल गर्नुपर्ने रु | २४२२५ |

| सि.न | भुक्तानी पाउनेको नाम | दिन | दर | जम्मा | कर कट्टि रु | खुद भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | श्री सागरमान महर्जन वडा अध्यक्ष | ३ | १५०० | ४५०० | ६७५ | ३८२५ |
| २ | श्री लक्ष्मी ढुंगाना | ६ | १००० | ६००० | ९०० | ५१०० |
| ३ | श्री प्रदिप घिमिरे खरिदार | ६ | १००० | ६००० | ९०० | ५१०० |
| ४ | श्री दिवाकर अर्याल लेखा अधिकृत | ६ | १००० | ६००० | ९०० | ५१०० |
| ५ | श्री रेशममलाल न्यौपाने नगर शिक्षा अधिकृत | ६ | १००० | ६००० | ९०० | ५१०० |
| जम्मा | | | | | | २४२२५ |

| | | |
|---|---|---|
| २२.३.२ | **नर्मस :** खेलकुद कार्यक्रम संचालक रेफ्रिहरुलाई भत्ता भुक्तानी गर्दा नर्मसको आधारमा दिइनु पर्दछ । कार्यालयले खेलकुद कार्यक्रमका मुख्य रेफ्रिहरु दबे बहादुर गाहा, धनपती गैहे,नारायण सारु समेत ३ जनालाई दैनिक रु २३५५ ले रेफ्रि दिपक चौहान,रमेश घर्ति ,रोहन गाहा समेत ३ जनालाई दैनिक रु १८०० ले २।२ दिनको तथा रेफ्रि राजु वयम्वुलाइ रु १५०० ले २ दिनको हुने रु ३३४९५ मा १५ पृतिशत कर कट्टि गरी रु २८४७०।७५ भुक्रानी दिएकोमा दैनिक भत्ताको नर्मस पेश नभएकोले खर्चको दर यकिन गर्न सकिएन । अतः दैनिक भत्ताको नर्मस वेगर दिएको भक्तानी नियम सम्मत नदेखिएको रु. | ३३४९५/- |
| २२.४ | **उ.मा.वि. शिक्षक निकासा :** दमकडा मा.वि. र जनता मा.वि. तानसेनमा उच्च मा.वि. दरवन्दिका शिक्षकहरुको तलव भत्ता तथा उच्च पोशाक खर्च देहाय अनुसार विधालयलाइ निकासा दिएकोमा शिक्षक किताव खाना दरवन्दि भएको नदेखिएकोले निकासा दिनुपर्ने आधार प्रमाण नभएको रु | |

<table>
<tr><td></td><td></td><td>७७,४९,७४०/-</td></tr>
<tr><td></td><td>

| सि.न. | विद्यालयको नाम | तलब | भत्ता | दशै खर्च | पोशाक | वार्षिक रु. |
|---|---|---|---|---|---|---|
| २ | दमकडा मा.वि.को जम्मा | २४४८८० | ३८००० | २४४८८० | ९०००० | ४१५०३०० |
| | कुल रु | | | | | ७७४९७४० |

</td><td></td></tr>
<tr><td>२३</td><td>कृषि तथा पशु सेवा कार्यक्रम : यसमा निमन व्यहोराहरु देखिएका छन ।</td><td></td></tr>
<tr><td>२३.१</td><td>पशु विकास कार्यक्रम :- गो भौ नं २७५-२०७६/३/३१ मा आर्थिक कार्यविधि नियमावली २०६४को नियम ३६(३) मा खर्च लेख्दा खर्चको विल भरपाई सहितको लेखा राख्ने व्यवस्था छ । पशुपालक कृषकहरुलाई घाँसको विउ वितरण गर्दा निजहरुले घाँस लगाउने जग्गाको क्षेत्रफल सम्बन्धित कृषकहरुले बुझेका प्रमाणको आधारमा खर्च लेख्नु पर्दछ । कार्यालयले यो वर्ष पाल्पा घास विकास स.घ. वाट नेपीयर १२००० विरुवा रु ३ ले र मोलाटो २३००० विरुवा रु १ ले खरिद गरी रु.५९०००।- भुक्तानी गरेको देखियो । त्यसरी खरिद गरेको घाँसका बिरुवाहरु मध्ये सम्मका दरले कृषकहरुलाई बितरण गरेको देखियो । यसरी बितरण गर्दा घाँसको बिउ/बिरुवा लगाउने क्षेत्रफल उल्लेख तथा निजको जग्गा भएनभएको यकिन नै नगरी हचुवाको आधारमा वितरण गरेको छ । जस्तै लुहुङ दुग्ध उत्पादक कृषि सहकारीलाई मुलाटो ५००० विरुवा ,कृषक तुल्सि प्रसाद नेपाललाई मोलाटो १००० र नेपीयर २५०० वटा, धन लक्ष्मी गाई फार्मलाई मोलाटो ५००० र नेपियर ५००० विरुवा दिएको देखियो ।अत : घाँसको बिउ/बिरुवा बितरण गर्दा जग्गा र घाँस लगाउने क्षेत्रफल यकिन गरी बितरण गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२३.२</td><td>घाँस वितरणको प्रमाण : गो भौ नं २१८-२०७६/३/१६ मा घासको विउको खर्च लेख्दा कृषकहरुले घाास प्राप्त गरेको प्रमाण हुनु पर्दछ । प्काश भेट सेन्टरबाट युरिया मोलासिस मिनरल ब्लड १०० गोटा रु ४०००० पाल्पा घाँस विकास संघको विल अनुसार मुलाटो घाँस ४०००० गोटा र सुम्वासोटारिया २५००० को दरले र १ ले रु ८५००० स्टाइलो ३० के.जि. रु १२०० ले ,मोलासेस १५ केजी रु ३०० ले र इप्रिल इपिल १५ के.जि रु २०० ले गरी रु २५०० कृषक घर भेट फार्मको इकाई र नाम स्पष्ट नखुलेको ३ वटा सामान खरिद रु ४३५०० समेत रु २१२०० खर्च लेखी उक्त चेक कृषि स.योजक श्री हरि प्रसाद कोइरालालाई बुझाएकोमा आपूर्तकले चेक प्राप्त गरेको तथा कृष्कहरुले सामानहरु बुझेको प्रमाण नभएकोले प्रमाण पेश गर्नु पर्ने रु</td><td>२१२०००/-</td></tr>
<tr><td>२३-४</td><td>सहकारीलाई कम्प्यूटर अनुदानः गो भौ नं २६२-२०७६/३/३० मा संघिय सशर्त कार्यक्रम अन्तरगत खर्च लेख्दा स्वीकृत कार्यक्रम अनुसार खर्च लेखिएको हुनु पर्दछ । कार्यालयले एभरेष्ट ट्रेडलिंक बाट रु ८०००० मा दायित्व कृषि सहकारी संस्थाले खरिद गरेको मूल्य नगरपालीकाले भुक्तानी दिएको देखियो । अत उक्त सहकारी लाई कम्प्युटर दिने स्वीकृत कार्यक्रम नदेखिएको ले नियमसम्मत नदेखिएको रु।</td><td>८००००/-</td></tr>
<tr><td>२४</td><td>स्वास्थ्य सेवा : यसमा निम्न व्यहोराहरु देखिएका छन ।</td><td></td></tr>
<tr><td>२४.१</td><td>जोखिम भत्ता : स्वास्थ्य सेवा विभागको २०७३।१३।३ च.न. ७७९ को परिपत्र अनुसार प्रयोगशाला रेडियोलोजी , रेडियो थेरापी समेत प्रयोगशालामा काम गर्ने कर्मचारीहरुलाई प्रचलित तलव स्केलको २५ प्रतिशत नबढने गरि प्रयोगशालाको आम्दानीबाट जोखिम भत्ता दिनुपर्ने र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको २०७५।१२।२९ को प्रस्तावमा २०७५।०७६ मा प्रयोगशाला भत्ता नपाउको कारण उल्लेख भए वमोजिम मन्त्रिपरिषदको २०७६।१।१७ को निर्णयले कार्यालयको विनियोजित बजेटवाट जोखिम भत्ता दिने निर्णय गरेको देखिएकोले २०७५ श्रावण देखी बैशाख १७ सम्मको जोखिम भत्ता सम्वन्धित प्रयोगशाला कै आम्दानीबाट दिनु पर्ने र तत्पश्चातको मात्र कार्यालयको विनियोजन बाट दिनु पर्दछ । तर कार्यलयले सवै अवधिको भत्ता विनियोजित बजेटवाट दिएको देखिएकोले मन्त्रिपरिषदको निर्णय भन्दा अगाडिको जोखिम भत्ता कार्यालयको विनियोजित बजेटबाट दिएको ले असुल गर्नुपर्ने</td><td>३५९६०३/५०</td></tr>
</table>

रु

| सि.न. | भत्ता पाउने कर्मचारीको नाम | मासिक दर | २०७६।११।१७ सम्मको रु |
|---|---|---|---|
| १ | मे.ल्या.टे श्री विष्णु प्रसाद गैरे | ६४८१ | ९००६७.५० |
| २ | डा.रु अ श्री पूर्ण प्रसाल रेग्मी | ६४८१ | ९००६९.५० |
| ३ | ल्या.टे.श्री मधुसुदन भट्टराई | ६४८१ | ९००६९.५० |
| ४ | का.स. श्री मर्द सिं थापा | ४७०५ | ४४६९७.५० |
| ५ | का.स. श्री विष्णु बहादुर कार्की | ४७०५ | ४४६९७.५० |
| | **जम्मा** | | **३५९६०१.५०** |

२४.२ **खर्चको प्रमाण :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ अनुसार खर्च लेख्दा खचृको विल भरपाई सहितका लेखा राख्नु पर्ने व्यवस्था छ । तर कार्यालयको देहाय अनुसारका भौचरबाट खर्च लेखेकोमा गोश्वरा भौचर तथा खर्चका प्रमाणहरु र बैक आदेशसमेत श्रेस्तासाथ नभएकोले लेखापरिक्षण भएन । अतः उल्लिखित कागजातहरु पेश गर्नुपर्ने रु २,६६,७५,२८६/४०

| भौ.न. र मिति | विवरण | रकम |
|---|---|---|
| १४६-२०७५/१२/२६ | अस्पतालका कर्मचारीहरुको २०७५ चेत्र महिनाको तलव माथि खर्च | १३३८१५३.४० |
| १४८-२०७५/१२/२६ | सामुदायिक स्वास्थ्य, वर्थिङ सेन्टर, बहरी स्वास्थ्य कार्यालय समेतका कर्मचारीहरुको पोशाक भत्ता खर्च | १८००००.०० |
| १४९-२०७५/१२/२६ | कृषि तर्फका कर्मचारीहरुको चैत्र महिनाको तलव भत्ता खर्च | ९६५१०.०० |
| १५१-२०७५/१२/२७ | २०७५ पौष माघको स्थलगत विवरण अनुसारको खर्च | २५९२४००.०० |
| १५२-२०७५/१२/२९ | पशु सेवा तर्फका कर्मचारीहरुको तलव भत्ता | ६३९२०.०० |
| २८३-२०७६/३/३१ | राजश्व दाखिलाको भौचर तथा प्रमाण | ५४२१६३.०० |
| २९०-२०७६/३/३१ | बैक तथा बजेट खर्च गरेको गोश्वरा भौचर | १२३०००.०० |
| २८२-२०७६/३/३१ | शहरी स्वास्थ्य केन्द्र नगर स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाई २ | ६०७५००.०० |
| ८-२०७६/३/२८ | कर दाखिला भौचर नभएको । | १५४११६.०० |
| ९-२०७६/३/३० | नारायण स्थान गोर्खेकोट सडक कार्यको भौचर तथा प्रमाण | ८३१६४१.०० |
| ७२१-२०७६/३/३१ | बसपार्क वतासे डाँडा ढुंगा खानी सडक निर्माण | २३७६३५४.०० |
| ७३४-२०७६/३/३१ | गुफाचौर धार्मीक सडक स्तरोन्नती कार्य | १८०००००.०० |
| ७५७-२०७६/३/३१ | सेती पोखरी वडहरबोट गुफाचौर सडक स्तारोन्नती कार्य | २४०००००.०० |
| ७१३-२०७६/३/३१ | दमगडा खेल मैदान स्तरोन्नती | २४१५०३१.०० |
| ६६७-२०७६/३/३० | डिल बहादुर मार्ग स्तरोन्नती | १८६३९८५.०० |
| ५२७-२०७६/३/१९ | जग्गा खरिद | ७४६७८५२.०० |
| ४६७-२०७६/३/०६ | सिलखान टोल ढल मर्मत सुधार | १८२२६६१.०० |
| | **जम्मा** | **२,६६,७५,२८६.४०** |

२४.३ **सामानको उपयोग :** कार्यालयले खरिद गरेको सामानहरु उपयोग तथा जडान गरेको हुनुपदर्छ । कार्यालयले देहाय अनुसार सुर्योदय हाइटेक बाट सोलार प्रणली खरिद गरेकोमा जडान नगरी भण्डारमा राखेको देखियो । लामो समयसम्म भण्डारण गर्दा ब्याट्रि तथा प्यानलमा नोकसानी हुन सकने भएकोले यथाचित्र जडान गरि जडान गरेको प्रमाण पेश गर्नुपर्ने रु ७०९५००

| भो.न. र मिति | विवरण | खर्च रु |
|---|---|---|
| ४-२०७६/३/२७ | २० वाटका ३ बत्ति बल्ने ५० सेट सोलार प्रणाली खरिद खर्च | ५००००० |
| ६-२०७६/३/३१ | कार्यालयका लागी खरिद सोलार सिस्टम | २०९५०० |
| | **जम्मा** | **७०९५००** |

२५ **प्रभास सहलगानी खानेपानी योजना :** अर्थमन्त्रालयले २०७६।३।११ च.न. १२५९ को पत्रबाट रकमान्तर गरि तानसेन न.पा. ७ र १० मा संचालित प्रभास सहलगानी खानेपानी आयोजनालाई २०७६ आषाढ मशान्तसम्म सम्पन्न गर्ने शर्तमा शसर्त अनुदान निकासा दिएकोले तोकिएको

| | | |
|---|---|---|
| | समयमा सम्पन्न गरिएको हुनुपर्दछ । तर उपभोक्ता समितिले तोकिएको समयमा आयोजना सम्पन्न गरेको पनि छैन र सार्वजनिक खरिद नियमावली २०६४ को दफा ९७ अनुसार उपभोक्ता समिति मार्फत कार्य गराउदा इकाइगत योगदानको अभिलेख पनि राखेको छैन । अतः लागत अनुमान तथा सम्झौता गरेको नदेखिएको र खर्चका प्रमाण बेगर रु १ करोड पेश्की दिएकोले सार्वजनिक खरीद नियमावलीको नियम ९७ अनुसार भए गरेको देखिएन । | |
| २६ | **पाल्पा दरबार संग्राहलय (८०५५०४०१५०६) यस्मा निम्न व्याक्तिहरु देखिएका छन् ।** | |
| २६.१ | मोटरसाइकल खरीद : कार्यालयले खरिद गरेको सवारी साधनको नम्वर प्लेट सरकारी नम्वरमा रहेको हुनु पर्दछ । कार्यालयले ज्ञानेन्द्र अटो वर्क्स वाट यामाहा मोटर साइकल खरिद गरेकोमा सरकारी नम्वर प्लेट राखेको नदेखिएकोले नियमित नभएको । | २२७९००/- |
| २७ | **नगरपालिका पुजीगत :** यसमा देहायका ब्यहोराहरु देखिएका छन् । | |
| २७.१ | **भ्रमण खर्च** : गो भौ नं ७४१-२०७६/३/३१ मा भ्रमण खर्च नियमावली २०६४ अनुसार भ्रमणमा रहेको अवधिको दैनिक तथा भ्रमण भत्ता भुक्तानी दिनु पर्दछ । कार्यलयले सरसफाई शाखा प्रमुख श्री शंकर भण्डारीको भ्रमण आदेश अनुसार २०७६।३।१८ देखी ३।२४ सम्म काज खटिएकोमा सोहि अनुसार ६ १।२ दिनको दैनिक भत्ता रु १०००० भुक्तानी दिएकोमा boarding pass तथा हवाई उडान टिकट अनुसार जुलाई २ देखी ६ सम्म ४ १।२ दिनमात्र भ्रमणमा रहेको देखिएकोले वढि दैनिक भत्ता दिएको २ दिनको रु १६०० ले असुल गर्नुपर्ने रु | ३२००/- |
| २७.२ | **कार्यपालिका बैठक :** प्रदेश ५ द्वारा स्थानीय तहका पदाकिकारीहरुको बेठक भत्ता रु १००० का दरले दिने व्यवस्था छ कार्यालय समयमा बैठक बसेको अवस्थामा बैठक भत्ता पाउने व्यवस्था रहेको छैन । कार्यपालिकाको आर्थिक वर्ष २०७५।०७६ मा २० वटा बेठक बसेको मध्ये १२ वटा बैठक विहान ७:०० बजे एक ७:३० बजे ३ वटा, ८:०० बजे ८ वटा, दिउसो कार्यालय समयको ११-२:३० सम्ममा ६ वटा र समय उल्लेख नगरेको २ वटा बैठक बसेको देखियो । कार्यालय समय अगाडी पछाडीको समयमा कार्यपालीकाको बैठक बसेको देखियो । कार्यालय समय अगाडी पछाडीको समयमा कार्यपालिकाको बैठक राखिदा कार्यालय समयमा बैठक राखिनु उपयुक्त देखिन्छ । | |
| २७.३ | **थप भत्ता सुविधा :** प्रदेश नं. ५ द्वारा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा ऐन २०७५ अनुसार वडा सदस्य हरुको मासिक सुविधा रु ८००० रहेकोमा कार्यपालीका सदस्यमा रहेको ५ जना वडा सदस्यहरुलाई रु २५००० का दरले मासिक भत्ता भुक्तानी गरेकोले रु १०२०००० थप व्ययभार परेको देखियो । यस प्रकारको खर्च नियन्त्रण हनु जरुरी देखिन्छ । | |
| २८ | **स्थानिय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानुन बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं. ५ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बनधी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भउको व्यवस्था अनुसार नगरपालिकाले देहाय वमोजिम रु १२५८६००० सुविधा वापत भुक्तानी भएको देखियो । | |

| सि.न. | विवरण | प्रमुख | उप प्रमुख | वडा अध्यक्ष १४ जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ४८ जना | जम्मा बार्षिक |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ३५००० | ३०००० | ३५०००० | २००००० | ३८४००० | ११९८८००० |
| २ | बैठक भत्ता बैठक सभाको आधारमा | २३००० | १८००० | २५३००० | १२७००० | १७७००० | ५९८००० |
| | **जम्मा** | | | | | | **१२५,८६,०००** |

| | | |
|---|---|---|
| २९ | **बेरुजु फछ्र्यौट र सम्परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ र आर्थिक कार्यविधि ऐन,२०५५ को दफा १८ बमोजिम लेखापरिक्षणबाट बेरुजु फछ्र्यौट गर्ने दायित्व | |

जिम्मेवारी व्यक्तिको हुने र दफा १९ अनुसार तोकिए बमोजिम सम्परीक्षण गराउनु पर्ने र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८(२) मा लेखापरीक्षणबाट कायम भएका बेरुजुका प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्व जिम्मेवारी व्यक्ति वा कार्यालय प्रमुख हुने उल्लेख छ । कार्यालयले साविक गाउँ विकास समितिहरुको बाँकी वेरुजूसमेत अद्यावधिक गरेको छैन । लेखापरिक्षणको समयमा सम्परिक्षणकालागी पेश गरेको छैन साथै फछ्र्यौट गर्न बाँकी बेरुजुको अध्यावधिक लगत तयार गरेकोसमेत देखिएन । अतः साविक गाउँ विकास समितिहरुको बाँकी वेरुजूसमेत अद्यावधिक गरि फछ्र्चौट गरिनु पर्दछ।

**अनुगमन तथा मुल्याङकन :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ ले बेरुजु फछ्यौट गर्ने व्यवस्था गरेको छ । सोहि ऐनको दफा ८४(२)(घ) बमोजिम बेरुजु फछ्ययौट गर्ने गराउने काम कर्तब्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । तर कार्यालयले गत वर्षको वेरुजु फछ्यौट तथा सम्परीक्षण गराएको छैन र बाँकी बेरुजु स्थिति निम्नानुसार देखिएको छ ।

| गत वर्षको बेरुजु रकम रु क | यो वर्ष फछ्यौट रु ख | बाँकी रु. |
|---|---|---|
| ३,४३,२७,०००/- | - | ३,४३,२७,०००/- |

**अधावधिक वेरुजु स्थिति :** नगरपालिकाको आर्थिक वर्ष २०७५।०७६ सम्मको फछ्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्ष सम्मको फछ्यौट गर्न | यो वर्षको सं.प.बाट कायम बेरुजु रु घ | यो वर्षमा कायम बेरुजु रु ङ | बाँकी |
|---|---|---|---|
| ३,४३,२७,०००/- | - | १८,५१,७४,०४९/०४ | २१,९५,०१,०४९/०४ |

**अनुसूची १**

# तानसेन नगरपालिका
## स्थानीयतह सञ्चित कोष विवरण
**२०७५।७६**

**(रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५–९) |
| १ | **तानसेन नगरपालिका** | पाल्पा | १३३२४४ | १५४१०० | ३५५११८ | २७४३९३ | ७८३६११ | ५०२८४८ | १९९९६५ | ४७२७१ | ७५००८४ | १६६७६० |

**अनुसूची- २**

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
**२०७५।७६**

**(रु.हजारमा)**

| सि. नं. | स्थानीय तह | जिल्ला | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | **तानसेन नगरपालिका** | पाल्पा | ८८ | ४८ | १९३१४० | | १० | ७९६६ | ८८ | ३८ | १८५१७४ | ४८१३ | ३८९ | १६६७४० | | | १६७१२९ | | १३२३२ | १३२३२ |

**अनुसूची : ३**

## अद्यावधिक वेरुजु स्थिति

**(रु. हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाँकी वेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १. | **तानसेन नगरपालिका** | पाल्पा | ३४३२७ | | ३४३२७ | | १८५१७४ | २१९५०१ |

.